# विपद् जोखिम न्यूनीकरण स्थानीय रणनीतिक कार्ययोजना

२०२२-२०३०

विजयनगर गाउँपालिका

लुम्बिनी प्रदेश

खुरुहुरिया, कपिलवस्तु

२०७९

# कृतज्ञता ज्ञापन

# विषयसूची


परिच्छेद १ ........ 5

१.१ गाउँपालिकाको संक्षिप्त परिचय ........ 5

१.२ गाउँपालिकाको विपद् जोखिमको अवस्था ........ 5

१.३ विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजनाद्वारा निर्धारित लक्ष्यहरू र सोको प्राप्तीमा गाउँपालिकाको भूमिका ........ 6

परिच्छेद २ ........ 8

२.१ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी विद्यमान कानुनी तथा संस्थागत संरचना ........ 8

२.२ विपद् जोखिम न्यूनीकरण तथा जलवायु अनुकूलन सम्बन्धी योजनाहरू कार्यान्वयनको समीक्षा ........ 9

२.३ स्थानीय विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना र अन्य योजनाहरु बीचको अन्तरसम्बन्ध ........ 9

२.४ विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना निर्माण विधि ........ 10

परिच्छेद ३ ........ 12

३.१ परिचय ........ 12

३.२ दीर्घकालीन सोच ........ 12

३.३ अपेक्षित परिणाम ........ 12

३.४ लक्ष्य ........ 13

३.५ उद्देश्यहरु ........ 13

३.६ विपद जोखिम न्यूनीकरण नीति ........ 13

३.७ कार्ययोजनाको लक्ष्य र सूचकहरु र तिनको आधाररेखाको अवस्था ........ 19

३.८ विपद जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजनाका प्राथमिकताहरु ........ 24

परिच्छेद ४ ........ 26

४.१ प्रकोप बमोजिम जोखिम आँकलन ........ 26

४.२ बहु-प्रकोप जोखिम आँकलनको लागि अन्तर निकाय, अन्तर तह समन्वय ........ 28

४.३ प्रभावकारी विपद् व्यवस्थापन सूचना प्रणाली विकास तथा सूचना प्रवाह ........ 29

४.४ विपद् जोखिमको बुझाईका लागि क्षमता अभिवृद्धि ........ 30

परिच्छेद ५ ........ 33

५.१ संस्थागत संरचनाहरूको स्थापना एवं सुदृढीकरण ........ 33

५.२ कानूनी र नियामक संरचनाको निर्माण ........ 34

५.३ विपद् जोखिम सुशासनको लागि क्षमता अभिवृद्धि, सहकार्य र साझेदारी ........ 37
५.४ विपद् जोखिम न्यूनीकरणमा समावेशीताको सुनिश्चितता ........ 39
परिच्छेद ६ ........ 41
६.१ उत्थानशीलता वृद्धिमा लगानी प्रवर्धन ........ 41
६.२ विपद् जोखिम न्यूनीकरणमा सार्वजनिक लगानी वृद्धि ........ 44
६.३ विपद् जोखिम न्यूनीकरणमा निजी लगानी प्रवर्धन ........ 45
६.४ जोखिम हिस्सेदारी, बीमा तथा सामाजिक सुरक्षा मार्फत विपद् उत्थानशीलता अभिवृद्धि ........ 46
परिच्छेद ७ ........ 48
७.१ प्रभावकारी विपद् प्रतिकार्यका लागि विपद् पूर्वतयारीको सुदृढीकरण ........ 48
७.२ विपद् पूर्वतयारीको लागि बहुप्रकोप पूर्वसूचना प्रणालीको विकास ........ 50
७.३ समुदायमा आधारित विपद् जोखिम न्यूनीकरण प्रवर्द्धन ........ 52
७.४ विपद् पूर्वतयारीको लागि सञ्चार तथा प्रशारण प्रणाली सुदृढीकरण ........ 54
७.५ खोज तथा उद्धार क्षमता अभिवृद्धि ........ 55
७.६ पुनर्लाभ, पुनर्स्थापना र पुनर्निर्माणमा "अझ राम्रो र बलियो निर्माण" को प्रवर्द्धन ........ 56
परिच्छेद ८ ........ 59
८.१ कार्यान्वयनका लागि वित्तीय व्यवस्था ........ 59
परिच्छेद ९ ........ 60
९.१ रणनीतिक कार्ययोजनाको कार्यान्वयन ........ 60
९.२ समन्वय, अनुगमन तथा मूल्याङ्कन ........ 60
९.३ समिक्षा र पुनरावलोकन ........ 61

# परिच्छेद १
# परिचय

## १.१ गाउँपालिकाको संक्षिप्त परिचय

विजयनगर गाउँपालिका लुम्बिनी प्रदेश को कपिलवस्तु जिल्लामा अवस्थित छ जसमा ७ वटा वडाहरु छन्। स्थानिय तहको पुर्नसंरचनामा यो गाउँपालिका साविक गुगौली, पत्थरदेइया ,खुरुहुरिया र गणेशपुर गा.वि.स हरु मिलि बनेको गाउँपालिका हो । यस गाउँपालिकाको पूर्वमा शिवराज नगरपालिका पश्चिममा दाँङ्ग जिल्ला तथा छिमेकी मुलुक भारत उत्तरमा दाङ्ग जिल्ला तथा दक्षिमा कृष्णनगर नगरपालिका रहेको छन् । विक्रम सम्बत २०७८ को जनगणनाको प्रारम्भिक प्रतिवेदन अनुसार यस गाउँपालिकामा ६३६१ घर संख्या, ७१४४ परिवार संख्या र जनसंख्या ४३४४० रहेको छ । जसमध्ये २१५६२ जना पुरुष र २१८७८ जना महिला छन । २५०.८ जनघनत्व रहेको यस पालिकाको ७१४४ परिवार मध्ये ५८९ परिवार (८.२%) बाढी, नदी कटान, आगलागि, महामारी, शीतलहर, सर्पदंश आदि विभिन्न किसिमका प्रकोपहरुबाट प्रभावित रहेका छन । यस गाउँपालिकाका १७३.१९ बर्ग कि.मि क्षेत्रफलमा फैलिएको छ ।

## १.२ गाउँपालिकाको विपद् जोखिमको अवस्था

नेपाल भौगोलिक तथा जैविक दृष्टिकोणबाट विविद्यता भएको देश हो । त्यसैले यहाँ धेरै किसिमका प्रकोपको जोखिम तथा यसको असर बढी मात्रामा देखिन्छ । नेपाल विश्वमै प्रकोपको जोखिम र विपद्सँग जुध्ने क्षमताको दृष्टिले निकै कमजोर अविकसित राष्ट्रमा पर्दछ । गृह मन्त्रालयको एक अध्ययन अनुसार नेपालका ७७ जिल्ला मध्ये ४९ जिल्ला बाढी तथा पहिरो, २३ जिल्ला वनडढेलो र १ जिल्ला हुरी बतासबाट वर्षेनी प्रभावित भएको पाइन्छ भने हरेक वर्ष ६४ जिल्ला कुनै न कुनै प्रकोपबाट प्रभावित हुने गरेका छन् (MoHA, 2009) । लुम्बिनी प्रदेश कपिलवस्तु जिल्लाको विजयनगर गाउँपालिका चुरे पहाडको काखमा अवस्थित मैदानी भू-भागमा पर्दछ जहाँ पहाडी भागबाट साना ठूला नदीनालाहरु बगेर आएका छन । मनसुनी मुसलधारे बर्षाले कपिलवस्तु जिल्लाको उत्तरी पहाडी क्षेत्रमा प्रायः बर्षेनी पहिरो र भु-क्षय जस्ता समस्या आउने गरेका छ भने त्यही पानीले समथर तराई क्षेत्र अर्थात विजयनगर गाउँपालिकालाई बाढीको चपेटामा पार्ने गरेको छ । यसको साथै दक्षिणतर्फ भारतीय भूमीमा झरई, महलीसागर जस्ता बाँधहरुको कारणबाट गाउँपालिकाको दक्षिण भू-भाग डुबानमा पर्ने गरेको छ । त्यसैगरी गर्मीको समयमा आगलागी, हावाहुरी, महामारी, खडेरी, सर्पदंश आदिले धेरै जनधनको क्षति हुने गर्छ भने मानव द्वन्द, सवारी दुर्घटना आदि पनि यस गाउँपालिकाका अन्य प्रमुख संकटहरु हुन् । विजयनगर गाउँपालिका बाढि तथा डुवान, आगलागी र सर्पदंश तथा त्यसबाट हुने

प्रकोप तथा अन्य संकटहरुको तुलनामा अधिक देखिन्छ । मुख्य गरी विजयनगर गाउँपालिकामा बाढीको घटनाहरु चिराई, अर्रा, सुरई नदी तथा बिसवा, भटनी खोलाहरुको कारणबाट हुने गर्दछन् । त्यसमा पनि नदी छेउमा बसेको बस्ति, कमसल जमीनमा पनि खेती बिस्तार गर्दै जानुपर्ने स्थिति, अव्यवस्थित बसाई सराई, अब्यवस्थित बसोवास, धेरैजसो कच्ची फुसको घर र तीव्रगतिमा भैरहेको वन जंगल लगायतका प्राकृतिक सम्पदाको विनाशले विजयनगर गाउँपालिकाका लाई बाढी तथा आगलागीले प्रभावित पारेको छ । यसको अतिरिक्त सर्पदंश, सडक दुर्घटना, हावाहुरी, असिना, खडेरी, शीतलहर जस्ता समस्याले गर्ने क्षति अलग्गै छ ।प्रकोपसँग जुध्नका लागि सामाजिक र आर्थिक अनुकूलन क्षमता भने यस गाउँपालिकाको न्यून रहेको छ । यस विजयनगर गाउँपालिकामा रहेका ७ वटा वडा मध्य वाढी तथा नदीकटानबाट वडा नं. १, २, ३, र ४ तथा सर्पदंश बाट वडा नं. १ र २ उच्च जोखिम क्षेत्र हो भने गाउँपालिकाको सबै क्षेत्रमा खडेरी र आगलागीको जोखिम रहेको छ ।

## १.३ विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजनाद्वारा निर्धारित लक्ष्यहरू र सोको प्राप्तीमा गाउँपालिकाको भूमिका

विपद् जोखिम न्यूनीकरणका लागि सेण्डाई कार्ययोजना (सन् २०१५-२०३०) को कार्यान्वयनमा प्रतिवद्धता जनाए अनुसार नेपाल सरकारले “विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना (सन् २०१८-२०३०)” लागू गरेको छ। कार्ययोजनामा निम्न बमोजिमका ६ वटा लक्ष्यहरू निर्धारण गरिएका छन्ः

(१) विपद्का कारण हुने मृत्युदर कम गर्ने,

(२) विपद् प्रभावितहरूको सङ्ख्या कम गर्ने,

(३) विपद्का कारण हुने प्रत्यक्ष आर्थिक क्षति कम गर्ने,

(४) पूर्वाधार तथा आधारभूत सेवाहरूमा विपद्ले पुऱ्याउने क्षति कम गर्न उत्थानशीलता विकास गर्ने,

(५) प्रदेश र स्थानीय तहमा विपद् जोखिम न्यूनीकरण रणनीति तथा कार्ययोजना तयार गर्ने,

(६) बहु-प्रकोप पूर्वसूचना प्रणाली र विपद् जोखिम सूचना तथा आँकलनको उपलब्धतामा पहुँच बढाउने।

यस विजयनगर गाउँपालिकाले विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजनाद्वारा निर्धारित लक्ष्यहरू प्राप्तिका लागी कार्ययोजनाको योजनाबद्ध कार्यान्वयनका लागि गुरुयोजना, आवधिक तथा वार्षिक योजना तर्जुमा गरी लागु गर्नेछ। यस रणनीतिक कार्ययोजनालाई मार्गदर्शनका रूपमा लिई विकासका नियमित कार्यक्रममा एकिकृत गर्नेछ। विषयगत क्षेत्र, सार्वजनिक निकायहरु, विकासका

साझेदार तथा नीजि क्षेत्रको कार्यक्रम तर्जुमा एवं कार्यान्वयन गर्दा यस रणनीतिक कार्ययोजनालाई मार्गदर्शनको रुपमा लिइनेछ । विपद् जोखिम न्यूनीकरण सम्बन्धि आयोजना तथा कार्यक्रम निरन्तर कार्यान्वयनका लागि प्राथमिकताका आधारमा बहुबर्षीय कार्यक्रम र बजेटको तर्जुमा गरी श्रोत व्यवस्थापन गरीनेछ ।संघिय तथा प्रादेशिक सरकार, सरकारी एवं गैरसरकारी सरोकारवालाहरू, विकास साझेदारहरू, राजनीतिक दल तथा भातृ संगठनहरु तथा नीजि क्षेत्रहरुसँगको सहकार्य र समन्वयमा यस रणनीतिक कार्ययोजनाको प्राप्ति गरिनेछ ।

# परिच्छेद २
# विद्यमान कानूनी तथा नीतिगत व्यवस्था

## २.१ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी विद्यमान कानुनी तथा संस्थागत संरचना

नेपाल सरकारले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका कार्यहरुलाई योजनाबद्ध र व्यवस्थित गर्न नीतिगत, कानूनी तथा संस्थागत व्यवस्था गरेको छ । यस सन्दभमा विपद् जोखिम व्यवस्थापनका लागि दैवी प्रकोप (उद्धार) ऐन २०३९, स्थानीय स्वायत्त शासन ऐन २०५५, भवन ऐन २०५५, राष्ट्रिय भवन संहिता २०६९, विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति २०६६, जलवायु परिवर्तन नीति २०६७, भू–उपयोग नीति २०६९, जल उत्पन्न प्रकोप व्यवस्थापन नीति २०७२, राष्ट्रिय पुनर्निर्माण तथा पुनस्र्थापना नीति २०७२, राष्ट्रिय विपद् प्रतिकार्यको कार्यढाँचा २०७० (प्रथम संसोधन २०७५), बस्ती विकास, शहरी योजना तथा भवन निर्माणसम्बन्धी आधारभूत मार्गदर्शन२०७२, राष्ट्रिय शहरी विकास रणनीति २०७३ आदि महत्वपूर्ण कानूनी तथा नीतिगत आधार हुन् भने नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली २०७६ पछिल्ला महत्वपूर्ण कानूनी व्यवस्था हुन् । साथै, केन्द्रदेखि स्थानीय स्तरसम्म कानून बमोजिम स्थापित विगतका दैवी प्रकोप उद्धार समितिहरु, नेपाल सरकारका विभिन्न निकाय एवं प्रतिष्ठानहरुलाई महत्वपूर्ण संस्थागत व्यवस्थाको रुपमा लिन सकिन्छ भने विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ ले व्यवस्था गरेका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद, कार्यकारी समिति, प्राधिकरण, प्रदेश, जिल्ला तथा स्थानीय तहका विपद् व्यवस्थापन समितिहरु नयाँ संस्थागत व्यवस्थाका रुपमा रहेका छन् ।

नेपालको संविधानको धारा ५१ (छ) को प्राकृतिक स्रोतको संरक्षण, संवर्द्धन र उपयोग सम्बन्धी राज्यका नीति अन्तर्गत खण्ड (९) मा प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्वसूचना, तयारी, उद्धार, राहत एवं पुनर्स्थापना गर्ने प्रावधान रहेको छ। संविधानले विपद् व्यवस्थापनलाई सङ्घ र प्रदेशको साझा अधिकारको रूपमा अनुसूची-७मा, स्थानीय तहको अधिकारको रूपमा अनुसूची-८मा र सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकारको रूपमा अनुसूची-९मा समावेश गरेको छ।

विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५ मा प्रभावकारी विपद् व्यवस्थापनका लागि स्थानीय तहमा सङ्गठन संरचना, रणनीति, कार्यक्रम तथा योजना लागू गरिने उल्लेख छ। यसैगरी विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ ले स्थानीय तहमा विपद् व्यवस्थापन समितिको संस्थागत व्यवस्था गरी काम, कर्तव्य र अधिकार समेत निर्धारण गरेको छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड (न) मा विपद् व्यवस्थापनका सबै चरणमा गरिने कार्यमा स्थानीय तहको जिम्मेवारी हुने व्यवस्था गरेको छ। सोही ऐनको दफा ११ को उपदफा (२) को खण्ड (ञ) मा स्थानीय तहलाई वातावरण संरक्षण र जैविक विविधताको संरक्षण सम्बन्धी कार्य जिम्मेवारी समेत तोकिएको छ।

नेपाल सरकारले जलवायु परिवर्तनका असरलाई व्यवस्थापन गर्न राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६ लागू गरेको छ। वातावरण संरक्षण ऐन, २०७६ को दफा २३ मा स्थानीय तहले विकास आयोजना तर्जुमा गर्दा जलवायु परिवर्तनबाट हुने प्रतिकूल असर वा जोखिम न्यूनीकरणका लागि प्राथमिकता निर्धारण गर्न सक्ने व्यवस्था छ। सोही ऐनको दफा २४ मा जलवायु परिवर्तनका प्रतिकूल असर र त्यसबाट हुन सक्ने नोक्सानी कम गर्नका लागि स्थानीय तहले अनुकूलन योजना बनाई कार्यान्वयन गर्न सक्ने व्यवस्था छ। यसैगरी दफा २५ मा स्थानीय तहले जलवायु परिवर्तनलाई बढवा दिने हरितगृह ग्यास उत्सर्जनका क्षेत्रहरू पहिचान गरी न्यूनीकरणसम्बन्धी आवश्यक कार्यक्रम सञ्चालन गर्न सक्ने व्यवस्था रहेको छ।

## २.२ विपद् जोखिम न्यूनीकरण तथा जलवायु अनुकूलन सम्बन्धी योजनाहरू कार्यान्वयनको समीक्षा

विजयनगर गाउँपालिकाले गाउँपालिका क्षेत्र भित्र विपदबाट सर्वसाधारणको जिउज्यान र सार्वजनिक निजी तथा व्यक्तिगत सम्पति, प्राकृतिक एवम् संस्कृतिक सम्पदा र भौगोलिक संरचनाको संरक्षण गर्नका लागी विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका सबै क्रियाकलापको समन्वयात्मक र प्रभावकारी रुपममा कार्यान्वयनका लागी कानून बनाउन आवश्यक भएकोले गाउँपालिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन तर्जुमा गरि लागु गर्ने प्रक्रियामा रहेको छ ।

विजयनगर गाउँपालिकाले विपद् जोखिम न्यूनीकरणका लागि कानून तथा कार्यविधि तयार गर्ने, संस्थागत संरचना निर्माण गर्ने र प्रतिकार्यका लागी पुर्वतयारीसँग सम्बन्धित कामहरुको शुरुवात गरिसकेको छ भने विपद् जोखिमका अन्तरनिहित तत्वहरुलाई घटाउँदै जोखिम सुसूचित विकासको अभ्यास मार्फत उत्थानशीलता हासिल गर्न विपद् व्यवस्थापनका सबै चरणहरुलाई समेटेर स्पष्ट दीर्घकालीन लक्ष्य र प्राथमिकता प्राप्त कार्यहरु सहितको विपद् जोखिम न्यूनीकरण नीति तथा रणनीतिक कार्ययोजना तर्जुमा गर्ने प्रक्रियामा रहेको छ ।

## २.३ स्थानीय विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना र अन्य योजनाहरु बीचको अन्तरसम्बन्ध

स्थानीय विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना स्थानीय तहले तर्जुमा गर्ने आवधिक योजनाको अभिन्न अङ्गको रूपमा रहेको हुन्छ। तसर्थ स्थानीय तहले आवधिक योजना तर्जुमा गर्दा विपद जोखिम न्यूनीकरण रणनीतिक योजनामा समावेश हुने विषयवस्तुलाई आवधिक योजना दस्तावेजमै समावेश गर्नु

पर्दछ। आवधिक योजना तयार भइसकेको भएता पनि सो योजनामा विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजनामा समावेश हुने क्रियाकलापहरू छुट भएको रहेछ भने त्यस्ता क्रियाकलापहरूलाई समेत समावेश गरी आवधिक योजना पुनरावलोकन गर्न उपयुक्त हुन्छ। आवधिक योजना तर्जुमा भई नसकेको अवस्थामा स्थानीय तहले अलग्गै रणनीतिक कार्ययोजना तर्जुमा गर्न सक्दछन्।

यी दुबै अवस्थामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसँग सम्बन्धित विषयहरू वार्षिक बजेट तथा कार्यक्रममा समावेश गरी कार्यान्वयन गर्नुपर्ने हुन्छ। यस हिसावले स्थानीय तहको रणनीतिक कार्ययोजना र आवधिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक योजनाबीच प्रत्यक्ष सम्बन्ध रहेको हुन्छ।

स्थानीय तहले रणनीतिक कार्ययोजना कार्यान्वयनका लागि आफ्नो स्रोत बाहेक अन्य गैरसरकारी संस्था, सामाजिक संघ/संस्था तथा निजी क्षेत्रको सहयोग परिचालन गर्न सक्नेछ।

## २.४ विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना निर्माण विधि

मुलुकको सङ्घीय शासकीय व्यवस्था र संविधानमा भएको व्यवस्था बमोजिम विजयनगर गाउँपालिकाले आफ्नो दायित्व अनुरूप विशिष्ट भौगोलिक विशेषता, विपद् जोखिमको अवस्था र आवश्यकताका आधारमा स्पष्ट लक्ष्यसहित विपद् जोखिम न्यूनीकरण नीति र रणनीतिक कार्ययोजनाको आवश्यकता महशुस गरि तर्जुमा प्रक्रियालाई अगाडि बढाएको हो । प्रस्तुत विपद् जोखिम न्यूनीकरण नीति तथा रणनीतिक कार्ययोजना तयार गर्न निम्न विधि र प्रक्रिया अवलम्बन गरिएका छन् ।

**१. नीतिगत समिक्षाः** राष्ट्रिय कानून तथा नीतिगत आधारहरू र योजनाहरुको अध्यायन, पुनरावलोकन, विगतका अनुभव र अभ्यासबाट प्राप्त सिकाईको समिक्षाका साथै अन्तर्राष्ट्रिय कार्यढाँचा, विशेषगरी विपद् जोखिम न्यूनीकरणका लागि सेण्डाइ कार्यढाँचाको समिक्षा गरिएको छ । साथै, स्थानीय तहमा भएका उल्लेखित सङ्कटासन्नता, क्षमता र जोखिमलाई दृष्टिगत गर्दै विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका लागि भएका नीतिगत वा कानूनी व्यवस्था र कार्यगत अभ्यासको लेखाजोखा गरिएको छ ।

**२. स्थलगत भ्रमण तथा सरोकारवालासँग परामर्शः** गाउँपालिका स्थित कार्यालयहरु, गैरसरकारी संघसंस्थाहरु, रेडक्रसको कार्यालयमा प्रत्यक्ष भेटघाट र छलफल गरी विभिन्न प्रतिवेदन, सूचना, विपद्सँग सम्बन्धित योजना, जोखिम पाश्र्वचित्र र विगतका अनुभव आदनप्रदान गर्नुका साथै उपलब्ध प्रतिवेदनहरु संकलन गरि विश्लेषणबाट प्राप्त नतिजाहरुलाई समावेश गरिएको छ ।

**३. विपद् जोखिम पाश्र्वचित्र तयारी :** विपद् जोखिम न्यूनीकरण नीति तथा रणनीतिक कार्ययोजना तर्जुमा गर्ने प्रक्रियामा यस गाउँपालिकाको प्रकोपको अवस्था, प्रकार, तीव्रता, सङ्कटासन्नता र विपद् जोखिमको

अवस्था लेखाजोखा गरिएको छ । सम्बन्धित वडाबाट प्राप्त सूचना तथा तथ्याङ्क र विगतका प्रतिवेदनहरुबाट प्राप्त सूचनाहरुको लेखाजोखा गरी सङ्कटासन्नता तथा क्षमताको अवस्था पहिचान गरी “विपद् जोखिम पाश्र्वचित्र” तयार गरियो । यस क्रममा, स्थानीय तहमा रहेका विपद्जन्य जोखिमको सामना गर्न स्थानीय सरकारले गरेका कार्य र स्थानीय तहबाट भएका प्रयासको लेखाजोखा समेत गरी सङ्कटासन्नता, क्षमता र जोखिमको पहिचान गर्ने प्रयास गरिएको छ ।

**४. परामर्श बैठक र कार्यशाला :** विपद् जोखिम पाश्र्वचित्र, विपद् जोखिम न्यूनीकरण नीति तथा रणनीतिक कार्ययोजना दस्तावेज तर्जुमाका लागिगाउँपालिकास्थित सरोकारवाला र स्थानीय तहका प्रतिनिधिहरुबीच विभिन्न चरणमा बैठक तथा परामर्श कार्यशाला (प्रारम्भिक बैठक, विपद् जोखिम लेखाजोखा तथा विश्लेषण कार्यशाला, विपद् जोखिम न्यूनीकरण नीति तर्जुमा कार्यशाला, विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना तर्जुमा कार्यशाला, कार्यदल बैठकहरु) को आयोजना सम्पन्न गरिएका थिए । कार्यक्रममा स्थानीय विपद् व्यवस्थापन समिति, वडा अध्यक्षहरु, गाउँपालिकास्थित सरकारी निकाय, गैरसरकारी निकायका प्रतिनिधिहरुबाट बृहत सहभागिता भएको थियो । सन्चालन गरिएका कार्यक्रमहरुबाट विपद् जोखिम न्यूनीकरण नीति तथा रणनीतिक कार्ययोजना तर्जुमाका लागि आवश्यक पर्ने सूचना तथा सुझावहरु प्राप्त भएका थिए ।

**५. विपद् जोखिम न्यूनीकरण नीति तथा रणनीतिक कार्ययोजना तयारी :** विभिन्न चरणमा सन्चालन गरिएका बैठक र कार्यशालाबाट प्राप्त सूचना तथा सुझावहरुबाट विपद् जोखिम न्यूनीकरण नीति तथा रणनीतिक कार्ययोजनाको मस्यौदा प्रतिवेदन तयार गरियो । उक्त मस्यौदा प्रतिवेदन उपर कार्यदल, सरोकारवाला तथा व्यवस्थापन समितिको बैठकमा व्यापक छलफल गरि प्राप्त सुझावहरुलाई समायोजन गरि अन्तिम प्रतिवेदन तयार गरियो ।

**६. विपद् जोखिम न्यूनीकरण नीति तथा रणनीतिक कार्ययोजनाको स्वीकृती :** गाउँपालिकाका सरोकारवालाहरुको सुझाव बमोजिम मिति २०७९साल ....महिना.....गतेको विपद् व्यावस्थापन समितिको बैठकबाट अनुमोदन भएअनुरुप विपद् जोखिम न्यूनीकरण नीति तथा रणनीतिक कार्ययोजनालाई स्वीकृत गरी गाउँपालिकासमक्ष कार्यान्वयनका लागि प्रस्तुत गरियो ।

# परिच्छेद ३

# विपद् जोखिम न्यूनीकरणका लागि रणनीतिक कार्ययोजना

## ३.१ परिचय

विपद्जन्य घटनाबाट हुने क्षतिलाई न्यूनीकरण र व्यवस्थापन गर्न नेपाल सरकारले विभिन्न नीतिगत, कानूनी र संस्थागत व्यवस्था गरेको छ। यसै व्यवस्था अनुरूप तयार भएको विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना (सन् २०१८-२०३०) मा नेपालको हिमाली, पहाडी तथा तराई क्षेत्रमा विभिन्न किसिमका प्राकृतिक तथा गैर प्राकृतिक प्रकोपहरूको जोखिम रहेको उल्लेख छ। जलवायु परिवर्तन तथा भौगर्भिक, सामाजिक, आर्थिक गतिविधिका कारण आगामी दिनमा विपद्जन्य घटनाबाट हुने हानी-नोक्सानी झनै बढ्न सक्ने देखिन्छ। यस्ता जोखिमहरू न्यूनीकरण र व्यवस्थापन गर्न नेपाल सरकारको एकल प्रयासले मात्र सम्भव नभएको हुँदा साथै, विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनसँग सम्बन्धित स्थानीयगत आवश्यकताको आधारमा क्रियाकलापहरू तय गर्नु पर्ने हुँदा विजयनगर गाउँपालिकाले विपद्जोखिम न्यूनीकरण रणनीतिक योजना तयार गरेको हो।

समुदायमा विभिन्न प्राकृतिक तथा गैरप्राकृतिक प्रकोपको जोखिम छ। भौगोलिक, वातावरणीय एवम् सामाजिक-आर्थिक अवस्थाबाट उत्पन्न हुने प्रकोपको सम्मुखता (Hazard Exposure) र सङ्कटासन्नता (Vulnerability) कम गर्न स्थानीय तह मै प्रयास गर्नुपर्छ। साथै, राष्ट्रिय र प्रादेशिक कार्ययोजनाहरूको कार्यान्वयनमा समेत स्थानीय तहको महत्वपूर्ण भूमिका हुन्छ। तसर्थ, स्थानीय तहमा विकास योजना निर्माण, सञ्चालन र सेवा प्रवाह गर्दा विपद् जोखिम कम गर्ने उपाय र क्रियाकलापहरू समावेश गरि राष्ट्रिय तथा प्रादेशिक लक्ष्य हासिल गर्न सघाउ पुग्नेछ।

## ३.२ दीर्घकालीन सोच

विपद् जोखिमबाट सुरक्षित, जलवायु अनुकुलित तथा उत्थानशील गाउँपालिकाको निर्माण गर्दै दिगो विकासमा योगदान पुर्‍याउने यस विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजनाको दीर्घकालीन सोच रहेको छ ।

## ३.३ अपेक्षित परिणाम

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका क्रियाकलापहरुलाई सन्तुलित रुपमा कार्यान्वयन गरी विपद्बाट हुने जनधन, स्वास्थ्य तथा जीविकोपार्जनका स्रोतसाधनका साथै व्यक्ति, समुदाय र गाउँपालिकाको आर्थिक, सामाजिक तथा भौतिक पूर्वाधार र साँस्कृतिक एवं पर्यावरणीय सम्पदाको जोखिम तथा क्षतिमा उल्लेख्य रुपमा कमी गर्नु तथा उत्थानशीलता बृद्धि गर्नु यस विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजनाको अपेक्षित परिणाम रहेको छ ।

### ३.४ लक्ष्य

जोखिम सुसूचित विकास निर्माणको अभ्यास तथा विपद् जोखिम न्यूनीकरणका उपायहरु मार्फत गाउँपालिकाका महत्वपूर्ण पूर्वाधार, आधारभूत सेवा र जीविकोपार्जनका श्रोत साधनहरुमाथिको विपद् जोखिम न्यूनीकरण गरि विपद्बाट हुने मानवीय क्षति, प्रभावितको संख्या, आर्थिक क्षति, तथा संवेदनशील पूर्वाधार र आधारभूत सेवाको अवरोध कम गर्दै सुरक्षित, उत्थानशील र सम्बृद्ध गाउँपालिका निर्माणमा योगदान पुऱ्याउने यस विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजनाको लक्ष्य रहेको छ ।

### ३.५ उद्देश्यहरु

**प्रमुख उद्देश्यः** प्राकृतिक तथा अप्राकृतिक विपद्बाट व्यक्तिको जीवन तथा सम्पत्ति, स्वास्थ्य, जीविकोपार्जन तथा उत्पादनका साधनहरु, भौतिक एवं सामाजिक पूर्वाधार, सांस्कृतिक एवं वातावरणीय सम्पदामा हुने क्षतिको उल्लेख्य रुपमा कम गर्नु यस विपद् जोखिम न्यूनीकरण नीति तथा रणनीतिक कार्ययोजनाको प्रमुख उद्देश्य रहेको छ ।

**सहायक उद्देश्यहरुः** सहायक उद्देश्यहरु देहाय बमोजिम रहेका छन् ।

- विपद् जोखिमको बुझाई अभिबृद्धि गर्ने तथा सबै वर्गमा विपद् जोखिमसम्बन्धी जानकारीको पहुँच सुनिश्चित गर्ने ।
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न विपद् जोखिम शासनको सुदृढीकरण गर्ने ।
- विपद् जोखिम न्यूनीकरणलाई जलवायु परिवर्तन अनुकुलनका क्रियाकलापसँग एकीकरण गर्दै समग्र विकास प्रक्रियामा मूलप्रवाहीकरण गर्ने ।
- विपद् जोखिम न्यूनीकरणमा सार्वजनिक तथा नीजि लगानी बृद्धि गरि उत्थानशीलता अभिबृद्धि गर्ने ।
- विपद् व्यवस्थापन सूचना प्रणालीको सुदृढीकरण तथा बहुप्रकोप पूर्वसूचना प्रणालीको विकास एवं विस्तार गरी विपद् पूर्वतयारी तथा प्रतिकार्यलाई प्रभावकारी बनाउने ।
- **"अझ राम्रो र अझ बलियो"** अवधारणा अनुरुप विपद् पश्चातको पुनर्लाभ, पुनःस्थापना र पुनर्निर्माण सुनिश्चित गर्ने ।

### ३.६ विपद जोखिम न्यूनीकरण नीति

माथि उल्लेखित उद्देश्यहरु प्राप्तिका लागि देहायका नीतिहरु अवलम्बन गरिनेछन् ।

- विपद् जोखिमसम्बन्धी विषयलाई विद्यालयस्तरमा आवश्यक शैक्षिक सामाग्री निर्माण गरी प्राथमिकताका साथ समावेश गरिनेछ ।
- जनचेतनामूलक तथा सूचनामूलक कार्यक्रमहरु तयार गरी सूचना तथा सञ्चारका माध्यमहरुको प्रभावकारी उपयोग मार्फत सबैमा पहुँच हुने गरी विपद् सम्वन्धी जानकारी, सचेतना र सिकाई समुदायस्तरसम्म अभिबृद्धि गरिनेछ ।
- प्राकृतिक तथा अप्राकृतिक प्रकोपहरुको नियमितरुपमा निगरानी र मापन गरिनेछ ।
- विपद् जोखिम लेखाजोखा तथा नक्शाङ्कन गर्ने प्रणालीको विकास गरिनेछ । संकटउन्मुख समुदायको पहिचान गरी त्यस्ता समुदायको क्षमता अभिवृद्धि गरिनेछ ।
- सडक दुर्घटनाका सम्भावित क्षेत्रहरुको पहिचान गरी विपद् आँकलन र नक्शाङ्कनको आधारमा विपद् जोखिम क्षेत्र निर्धारण गरिनेछ र सार्वजनिक रूपमा सूचना उपलब्ध गराई दुर्घटना न्यूनीकरणमा मद्दत गरिनेछ ।
- शिक्षा, स्वास्थ्य, कृषि, उद्योग, पर्यटन, उर्जा, आवास, यातायात, खानेपानी, सरसफाई लगायतका पूर्वाधार र ऐतिहासिक तथा साँस्कृतिक सम्पदामा पर्नसक्ने विपद् जोखिमका प्रभाव सम्बन्धमा विपद् जोखिम लेखाजोखा तथा नक्शाङ्कन गरी प्रचारप्रसार गरिनेछ ।
- विपदबाट व्यापार, व्यवसाय, जनस्वास्थ्य र पोषणमा पर्न सक्ने सम्भाव्य जोखिम न्यूनीकरण गर्न विपद्
- जोखिम लेखाजोखा गरिनेछ ।
- दुर सम्वेदन प्रणाली (Remote Sensing System) र भौगोलिक सूचना प्रणाली (Geographic Information System) मा आधारित आधुनिक विपद् व्यवस्थापन सूचना प्रणाली (Disaster Management Information System) को विकास संघ र प्रदेशसँग समन्वय गरी जनसाधारण तथा सरोकारवालाहरुलाई सहज रुपमा विपद् व्यवस्थापनसम्बन्धी सूचना उपलब्ध हुने व्यवस्था गरिनेछ ।
- विपद् जोखिम न्यूनीकरणका लागि भू—विज्ञान, भूकम्प विज्ञान, भौगोलिक सूचना प्रणाली, दूर संवेदन प्रणाली, स्याटेलाइट प्रविधि, राडार प्रविधि, पूर्वसूचना प्रणाली लगायतका आधुनिक तथा परम्परागत प्रविधिहरुको अध्ययन, अनुसन्धान संघ र प्रदेशसँगको सहयोग र समन्वयमा गरि उपयुक्त प्रविधिको प्रयोग गरिनेछ ।

- विपद् जोखिमको अध्ययन तथा अनुसन्धानमा सरकारी निकायहरु, विकास साझेदार, नीजि तथा गैरसरकारी संस्थाहरु, रेडक्रस अभियानका अंगहरु, विश्वविद्यालय र अनुसन्धान केन्द्रहरु तथा अन्य सरोकारवालाहरु बीचको संलग्नता र सहकार्यलाई प्रोत्साहन गरिनेछ ।
- गाउँपालिका र वडा स्तरमा स्थानीय विपद् व्यवस्थापन समितिहरुको गठन पूनर्गठन गरी क्षमता अभिवृद्धि गरिनेछ ।
- विपद् जोखिम न्यूनीकरणका लागि आपत्कालीन कार्यसंचालन केन्द्रको स्थापना, विकास, विस्तार र संजालीकरण गरी संस्थागत क्षमता अभिवृद्धि गरिनेछ ।
- गाउँपालिका स्तरीय सडक व्यावस्थापन समिति गठन गरी सक्रिय बनाईनेछ ।
- सडक व्यावस्थापन सुनिश्चित गर्न गाउँपालिका स्तरीय सडक सुरक्षा रणनीतिक कार्ययोजना तयार गरी कार्यान्वयन गरिनेछ ।
- वडा वा समुदाय स्तरको विपद् जोखिम न्यूनीकरणका लागि सिंचाई, नदी नियन्त्रण, वन व्यवस्थापन, विद्यालय, स्वास्थ्य संस्था, खानेपानी तथा सरसफाइ लगायतका योजना तर्जुमा, कार्यान्वयन तथा व्यवस्थापनमा स्थानीय उपभोक्ता, सामुदायिक संस्था र जनसमुदायको सहभागिता सुनिश्चित गरिनेछ ।
- बहु प्रकोपीय जोखिम लेखाजोखाको आधारमा जोखिम संवेदनशील भू—उपयोग योजना तर्जुमा गरी व्यवस्थित एंव सुरक्षित वस्ती विकास कार्यलाई अगाडि बढाइनेछ । साथै, असुरक्षित बस्तीहरुलाई सुरक्षित स्थानमा स्थान्तरण गर्ने नीति लिइनेछ ।
- विकास निर्माणका ठूला परियोजनाहरु तर्जुमा, डिजाइन, निर्माण र व्यवस्थापनमा विपद् जोखिम तथा जलवायु परिवर्तनको प्रभाव सम्बन्धी अध्ययन गरी जोखिम न्यूनीकरण गर्ने नीति लिइनेछ ।
- समग्र विकास प्रक्रियाहरुलाई बहुप्रकोप जोखिम संवेदनशीलताका आधारमा सम्भाव्य जोखिमको न्यूनीकरण हुने गरी कार्यान्वयन तथा व्यवस्थापन गरिनेछ ।
- एकीकृत जलश्रोत व्यवस्थापनको सिद्धान्त अनुरुप नदी व्यवस्थापन तथा अन्तरसम्बन्धलाई सम्बोधन गर्ने गरी माथिल्लो तथा तल्लो तटीय क्षेत्र अनूरुप भू तथा जलाधार संरक्षणसम्बन्धी दिर्घकालिन योजना बनाई कार्यान्वयन गरिनेछ ।

- विपद् जोखिम न्यूनीकरणका सबै चरण तथा संरचनामा समावेशी विपद् व्यवस्थापनको अवधारणा अनुरुप महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरु, आर्थिक तथा सामाजिक रुपले पछाडि परेका समुदायहरुको पहुँच, प्रतिनिधित्व तथा प्रभावकारी संलग्नता सुनिश्चित गरिनेछ ।
- विपद् संवेदनशीलताको अवधारणा अनुरुप सार्वजनिक भौतिक संरचनाहरु (सरकारी कार्यालय, शैक्षिक संस्थाहरु, स्वास्थ्य संस्थाहरु, सामुदायिक भवनहरु, आश्रयस्थल आदि) लाई जेष्ठ नागरिकमैत्री, लैंङ्गिकमैत्री, अपाङ्गतामैत्री एवं बालमैत्री बनाइनेछ ।
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा स्वयंसेवक समुह गठन गरी परिचालनको लागि वडा तथा समुदाय स्तरमा संस्थागत व्यवस्था सुनिश्चित गरि क्षमता विकास गरिनेछ ।
- विपद् जोखिमबाट सुरक्षित भवन निर्माण कार्यलाई प्रोत्साहन गर्न राष्ट्रिय भवन संहितालाई आत्मसात गरी लागू गरिनेछ ।
- विकासका भौतिक पूर्वाधारहरुको डिजाईन तथा निर्माणका क्रममा जोखिम सुरक्षित पूर्वाधार नीति अवलम्बन गरिनेछ । साथै जलवायु परिवर्तन अनुकूलित पूर्वाधार निर्माणलाई समेत प्रोत्साहित गरिनेछ ।
- सुरक्षित समाजको निर्माणका लागि विपद् सुरक्षित संस्कृति (Culture of Safety) प्रवर्द्धन र अवलम्वन गरिनेछ ।
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी क्रियाकलापहरुको प्रभावकारी रुपमा अनुगमन तथा मूल्याङ्कन गर्न समावेशी संयन्त्र स्थापना गरिनेछ ।
- स्थानीय विपद् जोखिम न्यूनीकरण सञ्जाल (Local DRR Platform) गठन गरी सुदृढीकरण गरिनेछ ।
- जीविकोपार्जनका उपायहरुलाई विविधिकरण गरी विपद् उत्थानशील समुदाय निर्माण गरिनेछ ।
- बाढी, डुवान, खडेरी तथा सुख्खा प्रतिरोधी तथा जलवायु परिवर्तन अनुकूलित कृषि प्रणालिको विकास गरिनेछ ।
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यमा नीजि क्षेत्रको संलग्नतालाई प्रोत्साहित गरिनेछ ।

- समुदायस्तरको विपद् जोखिम न्यूनीकरणमा सामुदायिक तथा सहकारी संस्थाहरुको लगानीलाई प्रोत्साहन गरिनेछ ।
- विपद् जोखिम न्यूनिकरणमा नीजि क्षेत्र, बैंक तथा वित्तीय संस्था, बीमा कम्पनी, विकासं साझेदार, दातृ संस्था आदिको लगानी गर्न प्रबद्र्धन तथा प्रोत्साहन गरिनेछ ।
- संकटउन्मुख समुदायको जोखिममा हिस्सेदारी तथा जोखिम हस्तान्तरणका लागि कृषि, पशुपंक्षी तथा व्यापार व्यवसायमा बीमा गराउने कार्यलाई प्रोत्साहन गरी बीमामा सहज पहुँचको व्यवस्था मिलाइनेछ । साथै, बैंक तथा बित्तीय सँस्थाहरुमार्फत विपद् प्रभावित समुदायलाई सहुलियत कर्जाको व्यवस्थाको लागि समन्वय गरिनेछ ।
- विपद् प्रतिकार्य र विपद् पश्चातको पुनर्लाभ तथा पुनर्निर्माणमा समेत सामाजिक सुरक्षाका कार्यक्रमहरुलाई समाहित गरी संचालन गरिनेछ ।
- विपद्का कारण हुनसक्ने क्षतिको क्षतिपूर्तिका लागि नीजि, सरकारी तथा सामुदायिक भवन, शैक्षिक तथा स्वास्थ्यसम्बन्धी संरचनाहरु, खानेपानी लगायतका अन्य भौतिक संरचनाहरुको अनिवार्य बीमा गर्न प्रोत्साहन गरिनेछ ।
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनकालागि स्थानीय सरकारबाट वार्षिक रुपमा निश्चित प्रतिशत बजेट विनियोजन गरी कार्यक्रम संचालन गरिनेछ ।
- विपद् जोखिम न्यूनीकरण कार्यलाई विकासमूलक क्रियाकलापहरुसँग एकीकरण तथा मूलप्रवाहीकरण गरिनेछ । स्थानीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा मार्फत प्राप्त क्षेत्रगत सुझावलाई स्थानीय विकास योजनामा प्राथमिकताका साथ संलग्न गरी कार्यान्वयन गरिनेछ ।
- प्रमुख प्रकोपहरुको नियमित रुपमा अनुगमन तथा पूर्वानुमानको लागि पूर्वसूचना प्रणाली स्थापना गरी लागु गरिनेछ ।
- स्थानीय ज्ञान, सीप, श्रोत र साधनको अधिकतम उपयोग गर्दै समुदायमा आधारित विपद् जोखिम न्यूनीकरणका कार्यक्रमहरु कार्यान्वयन गरिनेछन् ।
- गाउँपालिका तहमा स्थानीय विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना बनाई कार्यान्वयन गरिनेछ । साथै सरकारी, नीजि तथा गैरसरकारी क्षेत्रहरुको व्यवसाय निरन्तरता योजना (Business Continuity Plan) बनाई कार्यान्वयन गरिनेछ ।

- गाउँपालिका, वडा र समुदाय स्तरमा खोज तथा उद्धार टोलीको गठन, क्षमता विकास र बिस्तार गरिनेछ ।
- गाउँपालिका स्तर र मातहतका वडासम्म कानून बमोजिम विपद् व्यवस्थापन कोषको स्थापना गरी श्रोत परिचालन गरिनेछ ।
- शैक्षिक संस्था, अस्पताल तथा आश्रय स्थलहरुको स्तरोन्नती गरी आपत्कालीन अवस्थामा समुचित उपयोग गर्न मिल्ने व्यवस्था गरिनेछ ।
- विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि खुल्ला क्षेत्रको पहिचान, विकास र व्यवस्थापन गर्नुका साथै संकट उन्मुख क्षेत्रमा पहुँचयुक्त एवं सुरक्षित आश्रय स्थलको निर्माण गरिनेछ ।
- विपद् प्रतिकार्यलाई प्रभावकारी बनाउन आपत्कालीन भण्डारण गृहको स्थापना, विकास र विस्तार गरी आवश्यक पर्ने उद्धार तथा राहत सामाग्रीको भण्डारण गरिनेछ ।
- विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी, पुनर्लाभ, पुनःस्थापना र पुनर्निर्माणमा द्विपक्षीय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय समन्वय, सहयोग र सहकार्यलाई प्रोत्साहन गरिनेछ ।
- ठुला विपद्को समयमा प्राप्त हुने राष्ट्रिय तथा अन्नतराष्ट्रिय मानवीय सहायता सामग्रीहरुको सहज आपूर्तिका लागि आवश्यक व्यवस्था मिलाइनेछ ।
- विपद् पश्चात गरिने पुनर्लाभ, पुनःस्थापना र पुनर्निर्माण कार्यमा भविष्यमा विपद् जोखिमको अवस्था सिर्जना हुन नदिन र विपद् जोखिम न्यूनीकरण गर्न "अझ राम्रो, बलियो र सुरक्षित बनाऔं" भन्ने अवधारणालाई प्रोत्साहन गरिनेछ ।
- विपद् पूर्वतयारी तथा प्रतिकार्यको लागि आधुनिक सूचना प्रविधिमा आधारित सूचना तथा सञ्चार प्रणालीलाई प्रोत्साहन गरिनेछ ।
- विपद् प्रतिकार्यलाई प्रभावकारी बनाउन सबै क्षेत्रका सरोकारवालाहरूको सहभागिता रहने गरी क्षेत्रगत पद्धति (Cluster System) को अवधारण स्थापना गरि कार्यान्वयनमा ल्याईने छ ।
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका कार्यहरुलाई प्रभावकारी बनाउन जवाफदेहीता, पारदर्शीता र उच्च गुणस्तरता सुनिश्चितता गरिने छ ।

## ३.७ कार्ययोजनाको लक्ष्य र सूचकहरु र तिनको आधाररेखाको अवस्था

विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजनाले विपद् क्षतिलाई न्यून गर्न निम्न लक्ष्यहरू निर्धारण गरिएको छ ।

| क्र.सं. | लक्ष्य र सूचकहरू | वर्तमान अवस्था (आधार रेखा) २०२१ | अल्पकालीन लक्ष्य २०२३ सम्म | मध्यकालीन लक्ष्य २०२५ सम्म | दीर्घकालीन लक्ष्य २०30 सम्म |
|---|---|---|---|---|---|
| **१** | **गाउँपालिकामा विपद्बाट हुने मृत्युदर उल्लेख्य मात्रामा कम गर्ने** | --------------- | | ------------ | ---------- |
| १.१ | मौसमजन्य, जलजन्य तथा हावापानीजन्य विपद्बाट मृत्यु हुनेको ३० वर्षको वार्षिक औसत संख्या | ८ | ६ | ४ | २ |
| १.२ | जैविक प्रकोपबाट मृत्यु हुनेको ३० वर्षको वार्षिक औसत संख्या (COVID बाहेक) वन्यजन्तु लगायतका हिंस्रक जनावर (सर्पदंश, बौलाहा कुकुरको टोकाई समेत | ५ | ४ | २ | १ |
| १.३ | सडक दुर्घटनाबाट मृत्यु हुनेको १५ वर्षको वार्षिक औसत संख्या | ४ | ३ | ३ | १ |
| **२** | **गाउँपालिकामा विपद्बाट प्रभावित व्यक्तिहरूको संख्या उल्लेख्य मात्रामा कम गर्ने।** | -------------- | -------------- | ------------ | ---------- |
| २.१ | विपद्बाट घाइते हुने व्यक्तिहरूको वार्षिक औसत संख्या (मौसमजन्य, जलजन्य तथा हावापानीजन्य, भौगर्भिक, जैविक विपद्बाट घाइते | ८ | ७ | ५ | ३ |
| २.२ | रोगको महामारीबाट प्रभावित/सङ्क्रमित हुनेको ३० वर्षको वार्षिक औसत संख्या (COVID बाहेक) | २ | १ | ० | ० |

| क्र.सं. | लक्ष्य र सूचकहरू | वर्तमान अवस्था (आधार रेखा) २०२१ | अल्पकालीन लक्ष्य २०२३ सम्म | मध्यकालीन लक्ष्य २०२५ सम्म | दीर्घकालीन लक्ष्य २०३० सम्म |
|---|---|---|---|---|---|
| २.३ | सडक दुर्घटनाबाट घाइते हुनेको वार्षिक औसत संख्या | ५ | ४ | ३ | २ |
| **३.** | **विपद्‌बाट क्षति हुने निजी तथा सार्वजनिक पूर्वाधार संरचना** | --------------- | -------------- - | ------------- | ------------- |
| ३.१ | विपद्‌बाट क्षति हुने निजी घरहरूको ३० वर्षको वार्षिक औसत संख्या | २८ | २१ | १६ | ९ |
| ३.२ | विपद्‌बाट क्षति हुने गोठ र अन्य संरचनाहरूको ३० वर्षको वार्षिक औसत संख्या | ९ | ७ | ४ | २ |
| ३.३ | विपद्‌बाट क्षति हुने पुल, बाटो, बिजुली प्रणालीको वार्षिक औसत संख्या | ६ | ५ | ४ | २ |
| ३.४ | विपद्‌बाट क्षति हुने स्वास्थ्य सेवा संरचनाहरूको वार्षिक औसत संख्या | ० | ० | ० | ० |
| ३.५ | विपद्‌बाट क्षति हुने सार्वजनिक भवन (विद्यालय, दुग्ध सङ्कलन केन्द्र, जस्ता भौतिक संरचनाहरू) को वार्षिक औसत संख्या | ३ | २ | १ | १ |
| ३.६ | विपद्‌बाट प्रत्यक्ष प्रभावित हुने परिवारहरूको वार्षिक औसत (संख्या (निजीघर गोठ, जग्गा, खेतिबाली, पशुचौपाया आदिको नोक्सान) | ३४ | २८ | १९ | ११ |
| **४** | **गाउँपालिकामा कूल आर्थिक आयमा विपद्‌को कारण हुने प्रत्यक्ष आर्थिक क्षतिलाई उल्लेख्य रूपमा कम गर्ने** | ------------- | -------------- | ------------ | ---------- |
| ४.१ | कृषि क्षेत्रमा (अन्नबाली, फलफूल, तरकारी, माछापालन आदिको) विभिन्न विपद्‌को कारण हुने औसत वार्षिक प्रत्यक्ष आर्थिक क्षति । | रु. २० लाख | रु. १८ लाख | रु. १३ लाख | रु. ८ लाख |

| क्र.सं. | लक्ष्य र सूचकहरू | वर्तमान अवस्था (आधार रेखा) २०२१ | | अल्पकालीन लक्ष्य २०२३ सम्म | मध्यकालीन लक्ष्य २०२५ सम्म | दीर्घकालीन लक्ष्य २०३० सम्म |
|---|---|---|---|---|---|---|
| ४.२ | पशुपालन क्षेत्रमा विभिन्न विपद्को कारण हुने वार्षिक औसत प्रत्यक्ष आर्थिक क्षति। | रु. ८ लाख | | रु. ७ लाख | रु. ५ लाख | रु. २ लाख |
| ४.३ | वन क्षेत्रमा (काठ, दाउरा, जडीबुटी आदि) विभिन्न विपद्को कारण हुने औसत वार्षिक प्रत्यक्ष आर्थिक क्षति। | रु. ५ लाख | | रु. ४ लाख ५० हजार | रु. ३ लाख | रु. ५० हजार |
| ४.४ | उद्योग, व्यापार क्षेत्रमा विभिन्न विपद्को कारण हुने वार्षिक औसत प्रत्यक्ष आर्थिक क्षति। | रु.४ लाख ५० हजार | | रु. ३ लाख ५६ हजार | रु.२ लाख | रु. १ लाख |
| ४.५ | भौतिक पूर्वाधार क्षेत्रमा (घर, भवन, सडक, खानेपानी, विद्युत आदि) विभिन्न विपद्को कारण हुने वार्षिक औसत प्रत्यक्ष आर्थिक क्षति। | रु.१७ लाख | | रु. १५ लाख | रु. ११ लाख | रु. ७ लाख |
| **५** | **संवेदनशील पूर्वाधार र आधारभूत सेवाहरूमा विपद्ले पुर्‍याउने क्षति र अवरोध उल्लेख्यरूपले कम गरी उत्थानशीलता विकास गर्ने** | **जम्मा** | **हालको अवस्था** | | | |
| ५.१ | रेडियो, टेलिफोन, टेलिभिजन, इन्टरनेट लगायतका दुरसञ्चार सेवामा अवच्छिन्न पहुँच (जम्मा घर संख्या र पहुँच भएको घरसंख्या/प्रतिशत) | ६३६१ | ४८८७ | ५१२९ | ५५५२ | ५९०७ |
| ५.२ | स्वास्थ्य भवनहरूको प्रवलीकरण/मर्मत गरी उत्थानशीलता विकास गर्ने (जम्मा स्वास्थ्य भवन र भूकम्प प्रतिरोधी संरचना भएका भवनको संख्या) | ५ | ० | १ | २ | ४ |
| ५.३ | विद्यालय भवनहरूको प्रवलीकरण, मर्मत गरी उत्थानशीलता विकास गर्ने (जम्मा | ५२ | ४ | ८ | २१ | ३९ |

| क्र.सं. | लक्ष्य र सूचकहरू | वर्तमान अवस्था (आधार रेखा) २०२१ | | अल्पकालीन लक्ष्य २०२३ सम्म | मध्यकालीन लक्ष्य २०२५ सम्म | दीर्घकालीन लक्ष्य २०३० सम्म |
|---|---|---|---|---|---|---|
| | विद्यालय भवन र भूकम्प प्रतिरोधी संरचना भएका भवन (कक्षा-कोठा) संख्या) | | | | | |
| ५.४ | विपद् जोखिम न्यूनीकरणका लागि नियमित पूर्वतयारी र नमुना तथा पूर्वतयारी अभ्यास गर्ने विद्यालयहरूको संख्या (जम्मा विद्यालय र पूर्वतयारी अभ्यास गर्ने विद्यालयहरूको संख्या) | ५२ | ९ | १६ | २७ | ४३ |
| ५.५ | सार्वजनिक र सरकारी भवनहरूको प्रवलीकरण गरी उत्थानशीलता विकास (जम्मा सार्वजनिक र सरकारी भवनको संख्या र प्रकोप जोखिम कम हुनेगरी निर्माण र सञ्चालन भएका सार्वजनिक र सरकारी भवनहरूको संख्या) | १९ | ० | ३ | ७ | १३ |
| ५.६ | बसपार्क, खेल मैदान आदिको उत्थानशीलता विकास (जम्मा संख्या र प्रकोप जोखिम कम हुने गरी निर्माण र सञ्चालन गरिएका संरचनाहरूको संख्या) | २ | ० | १ | २ | - |
| ५.७ | जलविद्युत उत्पादन गृह, बाँध, वितरण प्रणालीको उत्थानशीलता (जम्मा संख्या र प्रकोप जोखिम कम हुने गरी निर्माण र सञ्चालन गरिएका संरचनाहरूको संख्या) | २ | ० | १ | २ | - |
| ५.८ | खानेपानी, पानीघट्ट, सिंचाई कुलो, कुवा, इनार आदिको उत्थानशीलता (जम्मा संख्या र प्रकोप जोखिम कम हुने गरी | १३२ | ३० | ३६ | ५३ | ७२ |

| क्र.सं. | लक्ष्य र सूचकहरू | वर्तमान अवस्था (आधार रेखा) २०२१ | | अल्पकालीन लक्ष्य २०२३ सम्म | मध्यकालीन लक्ष्य २०२५ सम्म | दीर्घकालीन लक्ष्य २०३० सम्म |
|---|---|---|---|---|---|---|
| | निर्माण र सञ्चालन गरिएका संरचनाहरूको संख्या) | | | | | |
| ५.९ | जोखिमयुक्त पोखरी, तालहरूको जोखिम न्यूनीकरण (जम्मा संख्या र प्रकोप जोखिम न्यूनीकरण हुने गरी निर्माण गरिएका संरचनाहरूको संख्या) | ८७ | ८ | १४ | ३७ | ७१ |
| ५.१० | भवन संहिता पालना र विपद् जोखिम न्यूनीकरण हुने गरी निर्माण/प्रवलीकरण गरिएका निजी आवासीय घरहरू (प्रतिशतमा) | २७% | | ३२% | ४९% | ८३०% |
| ६ | **गाउँपालिकामा विपद् जोखिम न्यूनीकरणका लागि नीतिगत, कानुनी, संस्थागत संरचना साथै योजना तयार गरी लागु गर्ने।** | ---------------- | | -------------- | -------------- | ----------- |
| ६.१ | विपद् जोखिम न्यूनीकरण नीति, ऐन, नियम, मापदण्ड तयार गरी कार्यान्वयन भएको अवस्था | २ | | ५ | ७ | ११ |
| ६.२ | विपद् जोखिम न्यूनीकरणका लागि संस्थागत संरचना (शाखा, कर्मचारी), स्थानीय विपद् व्यवस्थापन समिति, वडा विपद् व्यवस्थापन समिति गठन भएको वडाको संख्या | ० | | ७ | - | - |
| ६.३ | विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गरी कार्यान्वयन भएको अवस्था | ० | | १ | - | - |
| ६.४ | पुनर्निर्माण र पुनःस्थापनामा विपद् उत्थानशीलता र अझ बलियो निर्माणको सिद्धान्त अवलम्बन गर्ने सरकारी निकायहरूको संख्या (जम्मा सरकारी | १२ | ० | ३ | ७ | १० |

| क्र.सं. | लक्ष्य र सूचकहरू | वर्तमान अवस्था (आधार रेखा) २०२१ | अल्पकालीन लक्ष्य २०२३ सम्म | मध्यकालीन लक्ष्य २०२५ सम्म | दीर्घकालीन लक्ष्य २०३० सम्म |
|---|---|---|---|---|---|
| | निकायहरुको संख्या र अवलम्बन गर्ने निकायको संख्या | | | | |
| ७ | **बहुप्रकोप पूर्वसूचना प्रणाली र सूचना तथा पूर्वानुमानको उपलब्धता र पहुँचमा उल्लेख्य वृद्धि गर्ने** | ---------------- | -------------- | -------------- | ------------- |
| ७.१ | कूल जनसंख्याको अनुपातमा प्रकोप सम्मुखतामा रहेको जनसंख्याको प्रतिशत | ५% (कुल जनसंख्या ४३४४०) | ३% | १% | - |
| ७.२ | पूर्वानुमानमा आधारित विपद् पूर्वतयारी र प्रतिकार्य गर्ने जनसंख्याको प्रतिशत | ६३% | ९१% | १००% | - |

## ३.८ विपद जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजनाका प्राथमिकताहरु

यस रणनीतिक कार्ययोजनाले विकास प्रक्रियामा विपद् जोखिम न्यूनीकरणलाई मूलप्रवाहीकरण गरी दिगो विकासमा सहयोग पु¥याउन समष्टिगत अवधारणा (□□□□□□□□ □□□□□□□□) लाई आत्मसात गरेको छ । विपद् जोखिम न्यूनीकरणका लागि सेन्डाइ कार्यढाँचालाई मूल मार्गदर्शनको रुपमा लिई यस कार्ययोजनाले चार प्राथमिकता प्राप्त क्षेत्रहरू र अठार प्राथमिकता प्राप्त कार्यहरू निर्धारण गरेको छ । हरेक प्राथमिकता प्राप्त कार्य अन्तर्गत अल्पकालीन (सन् २०२२—२०२३), मध्यकालीन (सन् २०२२—२०२५), दीर्घकालीन (सन् २०२२—२०३०) र निरन्तर रुपमा गरिरहनु पर्ने क्रियाकलापहरुका लागि निरन्तर अवधि तोकी निम्न बमोजिमका रणनीतिक क्रियाकलापहरू निर्धारण गरिएका छन् ।

**प्राथमिकता प्राप्त क्षेत्र १ः विपद् जोखिम बारे बुझाई**

प्राथमिकता प्राप्त कार्य १ः प्रकोप बमोजिम जोखिम आँकलन

प्राथमिकता प्राप्त कार्य २ः बहुप्रकोप जोखिम आँकलनको लागि अन्तर निकाय समन्वय

प्राथमिकता प्राप्त कार्य ३ः प्रभावकारी विपद् व्यवस्थापन सूचना प्रणालीको विकास तथा सूचना प्रवाह

प्राथमिकता प्राप्त कार्य ४: विपद् जोखिम बारेको बुझाईका लागि क्षमता अभिवृद्धि

**प्राथमिकता प्राप्त क्षेत्र २: स्थानीय तहमा विपद् जोखिम शासकीय पद्धतिको सुदृढीकरण**

प्राथमिकता प्राप्त कार्य ५: संस्थागत संरचनाहरूको स्थापना एवं सुदृढीकरण

प्राथमिकता प्राप्त कार्य ६: कानूनी तथा नियामक संरचना निर्माण

प्राथमिकता प्राप्त कार्य ७: विपद् जोखिम सुशासनको लागि क्षमता अभिवृद्धि, सहकार्य र साझेदारी

प्राथमिकता प्राप्त कार्य ८: विपद् जोखिम न्यूनीकरणमा समावेशिताको सुनिश्चितता

**प्राथमिकता प्राप्त क्षेत्र ३: विपद् जोखिम न्यूनीकरणका लागि उत्थानशीलता वृद्धि गर्न बृहत्तर जोखिम जानकारीमा आधारित नीजि तथा सार्वजनिक लगानी प्रवर्धन**

प्राथमिकता प्राप्त कार्य ९: उत्थानशीलता बृद्धिका लागि लगानी प्रवर्धन

प्राथमिकता प्राप्त कार्य १०: विपद् जोखिम न्यूनीकरणमा सार्वजनिक लगानी वृद्धि

प्राथमिकता प्राप्त कार्य ११: विपद् जोखिम न्यूनीकरणमा नीजि लगानी वृद्धि

प्राथमिकता प्राप्त कार्य १२: जोखिम हिस्सेदारी, बीमा तथा सामाजिक सुरक्षा मार्फत विपद् उत्थानशीलता अभिबृद्धि

**प्राथमिकता प्राप्त क्षेत्र ४: प्रभावकारी विपद् प्रतिकार्य र पुनर्लाभ, पुनःस्थापना तथा पुनःनिर्माणमा "अझ राम्रो र बलियो निर्माण" का लागि विपद् पूर्वतयारीको सुदृढीकरण**

प्राथमिकता प्राप्त कार्य १३: प्रभावकारी विपद् प्रतिकार्यका लागि विपद् पूर्वतयारीको सुदृढीकरण

प्राथमिकता प्राप्त कार्य १४: विपद् पूर्वतयारीको लागि बहुप्रकोप पूर्वसूचना प्रणालीको विकास

प्राथमिकता प्राप्त कार्य १५: समुदायमा आधारित विपद् जोखिम न्यूनीकरण प्रवर्धन

प्राथमिकता प्राप्त कार्य १६: विपद् पूर्वतयारीको लागि संचार तथा प्रसारण प्रणाली सुदृढीकरण

प्राथमिकता प्राप्त कार्य १७: खोज तथा उद्धारको क्षमता अभिवृद्धि

प्राथमिकता प्राप्त कार्य १८: पुनर्लाभ, पुनःस्थापना र पुनर्निर्माणमा "अझ राम्रो र बलियो निर्माण" अवधारणा प्रवर्धन

# परिच्छेद ४

# प्राथमिकता प्राप्त क्षेत्र १- विपद् जोखिम बारेको बुझाई

## ४.१ प्रकोप बमोजिम जोखिम आँकलन

प्रकोपको प्रकृति अनुरूप हरेक प्रकोपको सम्मुखता, संकटउन्मुखता र जोखिमको आँकलन तथा नक्शाङ्कन गरी सार्वजनिक रूपमा उपलब्ध गराउनु आवश्यक पदर्छ । जोखिम संवेदनशील भू‘उपयोग योजना (Risk Sensitive Land Use Planning) तयार गरी भू‘उपयोग क्षेत्र विभाजन गर्नु समेत आवश्यक हुन्छ । प्रकोप बमोजिम जोखिमको आँकलनका लागि देहायका रणनीतिक क्रियाकलापहरू निर्धारण गरिएका छन् ।

| रणनीतिक क्रियाकलाप (के, कहाँ) | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी |
|---|---|---|---|---|
| विभिन्न प्रकोप प्रभावित र जोखिममा रहेका भौगोलिक क्षेत्र निर्धारण गर्ने र सबै वडामा सम्भावित प्रकोपहरूले क्षति पुग्न सक्ने घरहरूको नक्शाङ्कन गर्ने। | गाउँपालिका क्षेत्रका विभिन्न प्रकोपको जोखिममा रहेका सबै प्रभावित क्षेत्र र घर-परिवारको विस्तृत जानकारी उपलब्ध हुनेछ। | अल्पकालीन | वातावरण तथा विपद् व्यवस्थापन शाखा | पूर्वाधार विकास शाखा |
| सबै वडामा लिङ्ग, उमेर र अपाङ्गताका आधारमा विभिन्न प्रकोपको जोखिममा रहेका जनसंख्या आँकलन गर्ने र Geo-Spatial प्रविधि प्रयोग गरी नक्शाङ्कन गर्ने। | विभिन्न प्रकोपहरूको जोखिममा रहेका जनसंख्याको छुट्टाछुट्टै (Disaggregated) तथ्याङ्क उपलब्ध हुनेछ र उनीहरू रहेको स्थानको जानकारी उपलब्ध हुनेछ। | अल्पकालीन | वातावरण तथा विपद् व्यवस्थापन शाखा | महिला तथा बालबालिका शाखा |
| सबै वडामा आश्रयस्थल, विद्यालय, अस्पताल, स्वास्थ्यचौकी, खानेपानी र अन्य भौतिक संरचनाहरूमा प्रकोपहरूको जोखिम आँकलन गर्ने। | जोखिमयुक्त भौतिक संरचनाहरूको जलजन्य प्रकोपहरूको जोखिमस्तर (उच्च, मध्यम र न्यून) को जानकारी उपलब्ध हुनेछ। | अल्पकालीन | पूर्वाधार विकास शाखा, स्वास्थ्य शाखा, शिक्षा शाखा | वडा कार्यालय |

| | | | | |
|---|---|---|---|---|
| प्रकोपहरूबाट विभिन्न उत्पादनमूलक क्षेत्रमा (कृषि, वन, पशुपन्छी, उद्योग आदि) भएका औसत वार्षिक क्षति र सम्भावित क्षति आँकलन गर्ने। | गाउँपालिकामा प्रकोपबाट विभिन्न उत्पादनमूलक क्षेत्रमा भएका औसत वार्षिक क्षति बुझ्न र न्यूनीकरण गर्न आधार हुनेछ। | अल्पकालीन | सामाजिक विकास शाखा, वातावरण तथा विपद् व्यवस्थापन शाखा | कृषि शाखा, उद्योग शाखा |
| प्रकोपहरूबाट गाउँपालिकाको विभिन्न सेवामूलक क्षेत्रमा (शिक्षा, स्वास्थ्य, खानेपानी आदि) भएका औसत वार्षिक क्षति आँकलन गर्ने। | गाउँपालिकामा प्रकोपहरूबाट विभिन्न सेवामूलक क्षेत्रमा भएका औसत वार्षिक क्षति बुझ्न र न्यूनीकरण गर्न आधार हुनेछ। | अल्पकालीन | सामाजिका विकास शाखा, वातावरण तथा विपद् व्यवस्थापन शाखा | शिक्षा शाखा, स्वास्थ्य शाखा, खानेपानी तथा सरसफाई एकाइ |
| सबै वडामा मौजुदा र सम्भाव्य प्रकोपहरूको जोखिमलाई ध्यान दिई भूउपयोग योजना तर्जुमा गरी कार्यान्वयन गर्ने। | विपद् जोखिम संवेदनशील भूउपयोग योजना कार्यान्वयन भएको हुनेछ। | दीर्घकालीन | पूर्वाधार विकास शाखा | वडा कार्यालय |
| गाउँपालिका भित्रका सडकमा धेरै दुर्घटना हुने क्षेत्रको नक्शाङ्कन गर्ने। | दुर्घटनाग्रस्त सडक क्षेत्रको पहिचान भएको हुनेछ। | अल्पकालीन | पूर्वाधार विकास शाखा | सडक डिभिजन, ट्राफिक प्रहरी कार्यालय |
| सबै वडामा सडक दुर्घटनाका सम्भावित क्षेत्रहरूमा निरन्तर सडक अनुगमन प्रणाली (Real-Time Road Surveillance System) स्थापना गर्ने। | सडक दुर्घटनाको तत्काल जानकारी उपलब्ध हुनेछ। | निरन्तर | पूर्वाधार विकास शाखा, वडा कार्यालय | सडक डिभिजन कार्यालय, नेपाल प्रहरी |
| नगर/गाउँपालिकामा महामारीको निरन्तर अनुगमन प्रणाली (Real-Time Disease Outbreak and Surveillance System) स्थापना गर्ने। | महामारी सम्बन्धमा तत्काल जानकारी उपलब्ध भएको हुनेछ। | निरन्तर | स्वास्थ्य शाखा, वातावरण तथा विपद् व्यवस्थापन शाखा | स्वास्थ्य कार्यालय |

| | | | | |
|---|---|---|---|---|
| सबै समुदायमा जल तथा मौसम विज्ञान विभागबाट उपलब्ध हुने मौसम सम्बन्धी सूचनामा समुदायको पहुँच विस्तार गर्ने। | मौसम र सम्बन्धित प्रकोपको जानकारी निरन्तर उपलब्ध भएको हुनेछ। | निरन्तर | स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र, वडा कार्यालय | जल तथा मौसम विज्ञान विभाग, जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र, |
| गाउँपालिका क्षेत्रमा वन डढेलोको जोखिम आँकलन गर्न निरन्तर अनुगमन प्रणाली (Real-Time Fire Monitoring System) स्थापना र सञ्चालन गर्ने। | वन डढेलो सम्बन्धी निरन्तर जानकारी उपलब्ध भएको हुनेछ। | निरन्तर | वातावरण तथा विपद् व्यवस्थापन शाखा | डिभिजन वन कार्यालय |

## ४.२ बहु-प्रकोप जोखिम आँकलनको लागि अन्तर निकाय, अन्तर तह समन्वय

बहु—मापदण्डमा आधारित बहुप्रकोप जोखिमको आँकलन तथा नक्शाङ्कनहरू पर्याप्त नभएकोले अन्तर निकाय समन्वय संयन्त्र स्थापना गर्नु पर्ने आवश्यकता हुन्छ । यस प्रयोजनका लागि निम्न रणनीतिक क्रियाकलापहरू निर्धारण गरीएका छन् ।

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी |
|---|---|---|---|---|
| गाउँपालिकामा विभिन्न निकाय, संघसंस्थाबाट गरिने प्रकोप विश्लेषण र विपद् लेखाजोखा सम्बन्धी तथ्याङ्क सङ्कलनमा एकरूपता कायम गर्ने। | स्थानीय तहको नेतृत्वमा प्रकोप, सम्मुखता, सङ्कटासन्नता र विपद् जोखिम सम्बन्धी तथ्याङ्क सङ्कलनमा एकरूपता कायम भएको हुनेछ। | अल्पकालीन | वातावरण तथा विपद् व्यवस्थापन शाखा | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण |
| रोगव्याधिको महामारी, भूकम्प, मौसम तथा जलवायुजन्य लगायतका विभिन्न प्रकोपको जोखिम आँकलन र | प्रकोप सम्मुखता, सङ्कटासन्नता र विपद् जोखिम आँकलन तथा नक्शाङ्कन गर्न आवश्यक आर्थिक | निरन्तर | वातावरण तथा विपद् व्यवस्थापन शाखा र | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी |
|---|---|---|---|---|
| नक्शाङ्कनका लागि नेपाल सरकार तथा प्रदेश सरकारका सम्बन्धित विभाग/निकाय, अन्य स्थानीय तहसँग समन्वय र सहकार्य गर्ने। | तथा प्राविधिक सहयोग उपलब्ध हुनेछ। | | सम्बन्धित विषयगत शाखा | प्राधिकरण, प्रदेश सरकारको सम्बन्धित निकाय |
| सबै वडामा विभिन्न प्रकोपहरूको जोखिम आँकलन र नक्शाङ्कनका लागि स्थानीय तहमा क्रियाशील गैरसरकारी संस्था तथा निजी क्षेत्रसँग समन्वय र सहकार्य गर्ने। | प्रकोप सम्मुखता, सङ्कटासन्नता तथा विपद् जोखिम आँकलन र नक्शाङ्कन गर्न आवश्यक आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध हुनेछ। | निरन्तर | वातावरण तथा विपद् व्यवस्थापन शाखा | स्थानीय तहमा क्रियाशील गैरसरकारी संस्था तथा निजी क्षेत्र |

## ४.३ प्रभावकारी विपद् व्यवस्थापन सूचना प्रणाली विकास तथा सूचना प्रवाह

एकीकृत सूचना प्रसारण गर्ने पद्धतिको विकास र आधुनिक सञ्चार प्रविधिहरूको समुचित प्रयोग गर्ने क्षमताको पूर्ण विकासका लागि प्रभावकारी काम गर्नु पर्ने आवश्यकता छ । यसका लागि निम्न रणनीतिक क्रियाकलापहरू निर्धारण गरीएका छन् ।

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी |
|---|---|---|---|---|
| सबै वडामा विद्यमान र सम्भाव्य प्रकोपको विपद् जोखिम बारे सचेतना जगाउन स्थानीय भाषा, लवजमा चेतनामूलक सामग्री विकास गर्ने। | विद्यमान र सम्भाव्य प्रकोपको विपद् जोखिम बारे सचेतना जगाउन स्थानीय भाषा, लवजमा चेतनामूलक सामग्री उपलब्ध भएको हुनेछ। | निरन्तर | वातावरण तथा विपद् व्यवस्थापन शाखा, | शिक्षा शाखा, स्वास्थ्य शाखा, स्थानीय तहमा क्रियाशील गैरसरकारी संस्था र निजी क्षेत्र |
| सबै समुदायमा चेतनामूलक जानकारी, सन्देश प्रशारण गर्न | विपद् जोखिम बारे प्रचारप्रसार र जानकारी सञ्चार भएको हुनेछ। | निरन्तर | वातावरण तथा विपद् | सूचना ताथ प्रविधि शाखा, |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी |
|---|---|---|---|---|
| सञ्चारमाध्यमहरू परिचालन गर्ने। | | | व्यवस्थापन शाखा | स्थानीय सञ्चार माध्यमहरू |
| सरकारी कार्यालय, राजनीतिक दल, नेपाल रेडक्रस सोसाइटी, गैरसरकारी संस्थाहरू र सञ्चार माध्यमहरू बीच विपद् जोखिम सूचना आदानप्रदान तथा सहकार्य गर्न कार्यविधि बनाई लागु गर्ने। | विपद् जोखिम सूचना साझेदारीमा सहकार्य भएको हुनेछ। | निरन्तर | वातावरण तथा विपद् व्यवस्थापन शाखा | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय |
| महिला, वृद्धवृद्धा, बालबालिका, अपाङ्ता भएका व्यक्ति र अन्य सङ्कटासन्न समूहसम्म समयमै जोखिम सूचना पुऱ्याउन कार्यविधि तयार गरी लागु गर्ने। | महिला, वृद्धवृद्धा, बालबालिका, अपाङ्ता भएका व्यक्ति र अन्य सङ्कटासन्न समूहलाई विपद् जोखिम सम्बन्धित सूचना र जानकारी उपलब्ध हुनेछ। | अल्पकालीन | महिला तथा बालबालिका शाखा, वातावरण तथा विपद् व्यवस्थापन शाखा | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय |
| गाउँपालिकामा भौगोलिक सूचना प्रणालीमा आधारित विपद् जोखिम सूचना व्यवस्थापन प्रणाली स्थापना गर्ने र यसलाई राष्ट्रिय सूचना प्रणालीमा आवद्ध गर्ने। | एकीकृत विपद् जोखिम सूचना व्यवस्थापन प्रणाली स्थापना भएको हुनेछ। | मध्यकालीन | वातावरण तथा विपद् व्यवस्थापन शाखा | राष्ट्रिय तथा जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र |

### ४.४ विपद् जोखिमको बुझाईका लागि क्षमता अभिवृद्धि

विपद् जोखिम बारे बुझाईका लागि क्षमता अभिवृद्धि गर्न विभिन्न अध्ययन, अध्यापन, अनुसन्धान तथा प्रशिक्षण कार्यक्रमहरू गर्नु पर्ने आवश्यकता हुन्छ । विद्यमान प्रशिक्षण केन्द्रहरूका क्षमता अभिबृद्धि

गर्ने र स्थानीय स्तरमा विपद् जोखिम न्यूनीकरणका लागि प्रशिक्षण र अनुसन्धान केन्द्रहरु स्थापना गर्न  आवश्यकता छ । यसका लागि निम्न रणनीतिक क्रियाकलापहरू निर्धारण गरीएका छन् ।

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी |
|---|---|---|---|---|
| सबै वडामा विभिन्न समुदायका महिला, बालबालिका, बृद्ध-बृद्धा, अपाङ्ग, सङ्कटासन्न समुदायहरू र सम्पूर्ण सरोकारवालाहरूका लागि विपद् जोखिम सम्बन्धी चेतनामूलक प्रशिक्षण, तालिमहरू सञ्चालन गर्ने। | सङ्कटासन्न समुदाय र सरोकारवालाहरूको विपद् जोखिम सम्बन्धी बुझाईमा क्षमता वृद्धि भएको हुनेछ। | निरन्तर | वातावरण तथा विपद् व्यवस्थापन शाखा | स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान, प्रदेश सुशासन प्रशिक्षण प्रतिष्ठानहरू, स्थानीय तहमा क्रियाशील विकास साझेदार |
| विपद् जोखिम न्यूनीकरण प्रशिक्षण कार्यक्रमहरू सञ्चालन गर्न जनशक्ति, प्रशिक्षण सामग्री, प्रविधिको व्यवस्था गर्ने। | सङ्कटासन्न समुदाय र सरोकारवालाहरूको विपद् जोखिम सम्बन्धी बुझाईमा क्षमता वृद्धि भएको हुनेछ। | निरन्तर | वातावरण तथा विपद् व्यवस्थान शाखा | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान |
| विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनमा विभिन्न सरोकारवालाहरू (विपद् व्यवस्थापन समितिहरू, विभिन्न निकायहरू, विद्यार्थी, अविभावक, शिक्षक, स्वास्थ्यकर्मी, खानेपानी सेवा प्रदायक, उद्योग व्यवसाय लगायतका निजी क्षेत्र आदि) को भूमिका स्पष्ट हुने गरी | विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनमा सरोकारवालाहरूको भूमिका, समन्वयको विधि र जिम्मेवारी सम्बन्धी बुझाई स्पष्ट भएको हुनेछ। | अल्पकालीन | स्थानीय विपद् व्यवस्थापन समिति, वातावरण तथा विपद् व्यवस्थापन शाखा | नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तहमा क्रियाशील गैरसरकारी संस्थाहरू |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी |
|---|---|---|---|---|
| तालीम तथा अभ्यास गर्ने गराउने। | | | | |
| विपद् जोखिम न्यूनीकरण सम्बन्धमा सचेतना अभिवृद्धि कार्यक्रमहरूको विकास तथा सञ्चालन गर्नका लागि गैरसरकारी संस्था लगायतका सरोकारवालाहरूसँग समन्वय र सहकार्य गर्ने। | विपद् जोखिम सम्बन्धी चेतना अभिवृद्धिमा सहकार्य भएको हुनेछ। | अल्पकालीन | वातावरण तथा विपद् व्यवस्थापन शाखा | स्थानीय तहमा क्रियाशील गैरसरकारी संस्था तथा अन्य सरोकारवालाहरू |
| गाउँपालिकामा सवारी चालकहरूको लागि नियमित सडक सुरक्षा शिक्षा कार्यक्रम सञ्चालन गर्ने। | सडक दुर्घटना कम गर्न सवारी चालकहरूको चेतना अभिवृद्धि भएको हुनेछ। | अल्पकालीन | वातावरण तथा विपद् व्यवस्थापन शाखा | ट्राफिक प्रहरी कार्यालय |
| गाउँपालिकामा सञ्चालित डाईभिङ्ग स्कूल, तालीम केन्द्रहरूको निर्धारित क्षमता र गुणस्तर मापदण्ड लागु गर्ने। | सडक दुर्घटना कम गर्न सवारी चालक, सहचालकहरूको सिप र क्षमता अभिवृद्धि भएको हुनेछ। | अल्पकालीन र निरन्तर | पूर्वाधार विकास शाखा | यातायात व्यवस्था कार्यालय |
| गाउँपालिकामा प्रकोप, सङ्कटासन्नता, विपद् जोखिम आँकलन, विपद् प्रभाव मूल्याङ्कन साथै जोखिम संवेदनशील भू-उपयोग योजना तयार गर्न जनशक्ति विकास गर्ने। | जोखिम संवेदनशील भू-उपयोग योजना तर्जुमा र कार्यान्यनका लागि जनशक्ति विकास भएको हुनेछ। | दीर्घकालीन | पूर्वाधार विकास शाखा | नेपाल सरकार र प्रदेश सरकारका सम्बन्धित निकायहरू |

# परिच्छेद ५

# प्राथमिकता प्राप्त क्षेत्र २- विपद् जोखिम शासकीय पद्धतिको सुदृढिकरण

## ५.१ संस्थागत संरचनाहरूको स्थापना एवं सुदृढीकरण

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ बमोजिम र नेपालको संविधान २०७२ ले स्थानीय तहलाई पर्याप्त अधिकार प्रदान गरेको सन्दर्भमा विपद् जोखिम शासकीय पद्धतिमा पनि स्थानीय तहलाई बढी जिम्मेवार बनाउँदै लानु पर्ने देखिएको छ । यसका लागि निम्न रणनीतिक क्रियाकलापहरू निर्धारण गरीएका छन् ।

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी |
|---|---|---|---|---|
| गाउँपालिका र वडामा विपद् व्यवस्थापन समिति/उपसमिति गठन र परिचालन गर्ने। | विपद् व्यवस्थापनका लागि गाउँपालिकामा संस्थागत संरचनाको विकास भएको हुनेछ। | अल्पकालीन / निरन्तर | वातावरण तथा विपद् व्यवस्थापन शाखा | गाउँ/नगर कार्यपालिका, वडा कार्यालय, |
| विपद् पूर्वतयारी र प्रतिकार्यका लागि विषयक्षेत्र (क्लष्टर) गठन गरी सुदृढीकरण गर्ने। | विभिन्न प्रकोपको विपद् पूर्वतयारी र प्रतिकार्य गर्न प्रत्येक विषयक्षेत्रको क्षमता अभिवृद्धि भएको हुनेछ। | अल्पकालीन / मध्यकालीन | स्थानीय विपद् व्यवस्थापन समिति | गाउँ/नगर कार्यपालिका |
| भौतिक पूर्वाधारहरूको निर्माण र सञ्चालन तथा सार्वजनिक सेवा प्रवाहमा विपद् जोखिम न्यूनीकरणको अवस्थाको अनुगमन गर्न। | पूर्वाधारहरूको सुरक्षित निर्माण र सञ्चालनमा उत्तरदायित्व स्थापित भएको हुनेछ। | अल्पकालीन | गाउँपालिकाको अनुगमन तथा सुपरिवेक्षण समिति | पूर्वाधार विकास शाखा, वातावरण तथा विपद् व्यवस्थापन शाखा |
| गाउँपालिका अन्तर्गतका सबै विद्यालय तथा अस्पतालहरूमा विपद् व्यवस्थापन समिति गठन गर्ने। | विद्यालय तथा अस्पतालहरूमा प्रभावकारी रूपमा विपद् व्यवस्थापन गर्न संस्थागत संरचना भएको हुनेछ। | अल्पकालीन | वातावरण तथा विपद् व्यवस्थापन शाखा | वडा कार्यालय |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी |
|---|---|---|---|---|
| स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रको स्थापना गरी राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्र, स्वास्थ्य आपत्कालीन कार्यसञ्चालन केन्द्र, प्रदेश आपत्कालीन कार्यसञ्चालन केन्द्र र जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र बीच समन्वय र सहकार्य गर्ने। | स्थानीय तहमा विभिन्न प्रकोपका लागि प्रभावकारी विपद् पूर्वतयारी र प्रतिकार्यको लागि तयारीमा सहयोग पुगेको हुनेछ। | अल्पकालीन र निरन्तर | वातावरण तथा विपद् व्यवस्थापन शाखा, स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र | नेपाल सरकार, प्रदेश सरकार र जिल्ला प्रशासन कार्यालय |
| गाउँपालिका भित्रका सडकमा मालवाहक तथा यात्रुवाहक सवारी साधनहरूको भार अनुगमन तथा नियन्त्रणका लागि सडक सुरक्षा एकाइ गठन गरी सुदृढीकरण गर्ने। | सवारी साधनहरूको भार अनुगमन तथा नियन्त्रण संयन्त्र स्थापना भएको हुनेछ। | अल्पकालीन | गाउँ/नगर प्रहरी | यातायात व्यवस्था कार्यालय, ट्राफिक प्रहरी |

## ५.२ कानूनी र नियामक संरचनाको निर्माण

विपद् जोखिम न्यूनीकरण विगतका कानूनी तथा नीतिगत व्यवस्थाहरुको आधारमा सम्पादन गरीएका कार्यहरुको अनुभवहरुलाई समेत अवलम्बन गरी विपद् जोखिम न्यूनीकरणको लागि विभिन्न विषयगत क्षेत्रसँग सम्बन्धित कानूनी र नियामक संरचनाहरूको विकास गर्नु पर्ने आवश्यकता छ । यसका लागि निम्न रणनीतिक क्रियाकलापहरू निर्धारण गरीएका छन् ।

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी |
|---|---|---|---|---|
| गाउँपालिकामा भवन संहिताको कार्यान्वयन तथा मापदण्ड बनाई लागु गर्ने। | सुरक्षित भवन संरचना निर्माण र प्रयोगका लागि नीतिगत तथा कानुनी व्यवस्था भएको हुनेछ। | अल्पकालीन र निरन्तर | पूर्वाधार विकास शाखा | नेपाल सरकार, प्रदेश सरकार |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी |
|---|---|---|---|---|
| गाउँपालिका आँफैले, गैरसरकारी तथा सामाजिक संघसंस्थाले र निजी क्षेत्रले सञ्चालन गर्ने आयोजना वा प्रस्तावको स्थानीय कानून बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गरी वातावरणीय व्यवस्थापन योजना अनुसार कार्यान्वयनको सुनिश्चितता गर्ने। | गाउँपालिकामा निर्माण र सञ्चालन हुने आयोजना/प्रस्तावको कार्यान्वयनबाट वातारणमा तथा विपद् व्यवस्थापनमा पर्ने नकारात्मक असरको न्यूनीकरण र सकारात्मक असरको बढोत्तरी भएको हुनेछ। | अल्पकालीन | वातावरण तथा विपद् व्यवस्थापन शाखा, | पूर्वाधार विकास शाखा |
| विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा योगदान पुऱ्याउने स्वयंसेवकहरूलाई पुरस्कृत गर्ने पद्दती विकास गर्ने। | समुदायमा विपद् व्यवस्थापनको क्षेत्रमा काम गर्ने स्वयम्सेवकहरूमा प्रोत्साहन अभिवृद्धि भएको हुनेछ। | अल्पकालीन | वातावरण तथा विपद् व्यवस्थापन शाखा | गाउँपालिका, स्थानीय तहमा क्रियाशील गैरसरकारी संस्था |
| स्थानीय विपद् व्यवस्थापन कोष र खाद्यान्न बैंकको सञ्चालन कार्यविधि तयार गर्नै। | स्थानीय तहमा विपद् व्यवस्थापन कोष तथा खाद्यान्न बैंक सञ्चालनका लागि कानूनी व्यवस्था भएको हुनेछ। | अल्पकालीन | वातावरण तथा विपद् व्यवस्थापन शाखा, कृषि शाखा | गाउँ/नगर कार्यपालिका |
| विपद्को समयमा सङ्कटासन्न समुदायको सुरक्षा तथा लैङ्गिक हिंसा रोकथामको लागि निर्देशिका तयार गर्ने। | विपद् प्रभावित स्थानमा लैङ्गिक हिंसा रोकथाम गर्न निर्देशिका तयार भएको हुनेछ। | अल्पकालीन | महिला तथा बालबालिका शाखा, वातावरण तथा विपद् व्यवस्थापन शाखा | गाउँ/नगर कार्यपालिका |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी |
|---|---|---|---|---|
| विपद् व्यवस्थापनका लागि समुदाय तहमा स्वयंसेवक परिचालन कार्यविधि तर्जुमा गरी लागु गर्ने। | विपद्को समयमा स्वयंसेवक परिचालन सहज भएको हुनेछ। | अल्पकालीन | सामाजिक विकास शाखा, वातावरण तथा विपद् व्यवस्थापन शाखा | गाउँ/नगर कार्यपालिका |
| खोज तथा उद्धार, राहत व्यवस्थापन, पुनर्लाभ र पुनर्स्थापनाको लागि कार्यविधि तयार गर्ने। | विपद् व्यवस्थापन कार्य प्रभावकारी रूपमा सम्पादन गर्न सहयोग पुगेको हुनेछ। | अल्पकालीन | वातावरण तथा विपद् व्यवस्थापन शाखा | गाउँ/नगर कार्यपालिका |
| विपद्का कारण उत्पन्न हुने भग्नावशेष र फोहोरमैला व्यवस्थापनको लागि कार्यविधि तर्जुमा गर्ने। | विपद्को समयमा भग्नावशेष र फोहोर व्यवस्थापन गर्न सहज भएको हुनेछ। | अल्पकालीन | वातावरण तथा विपद् व्यवस्थापन शाखा, सरसफाई एकाइ | गाउँ/नगर कार्यपालिका |
| स्थानीय तहको आपत्कालीन कार्यसञ्चालन केन्द्रको कार्यसञ्चालन विधि तयार गर्ने। | आपत्कालीन कार्यसञ्चालन केन्द्रको कार्यसञ्चालन व्यवस्थित भएको हुनेछ। | अल्पकालीन | वातावरण तथा विपद् व्यवस्थापन शाखा | गाउँ/नगर कार्यपालिका |
| समुदायस्तरमा विपद् व्यवस्थापन समिति गठन तथा परिचालनका लागि कार्यविधि तयार गर्ने। | समुदायस्तरमा विपद् व्यवस्थापन सम्बन्धी कार्यहरू व्यवस्थित भएको हुनेछ। | अल्पकालीन | वातावरण तथा विपद् व्यवस्थापन शाखा, वडा कार्यालय | गाउँ/नगर कार्यपालिका, स्थानीय तहमा क्रियाशील संघसंस्थाहरू |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी |
|---|---|---|---|---|
| जोखिम आँकलनको आधारमा स्थानीय तहको सरहद भित्रका प्रमुख नदी जलाधारमा नदी व्यवस्थापन र जलाधार संरक्षणको लागि गुरुयोजना तयार गर्ने। | जल उत्पन्न प्रकोप जोखिम न्यूनीकरणका लागि गुरु योजना तयार भएको हुनेछ। | मध्यकालीन | पूर्वाधार विकास शाखा, | प्रदेश सरकार, सिंचाई तथा जल उत्पन्न प्रकोप नियन्त्रण डिभिजन |
| गाउँपालिकामा वातावरणमैत्री स्थानीय शासन प्रारूपको कार्यान्वयन गर्ने। | हरित पूर्वाधार र पारिस्थितिकीय प्रणालीमा आधारित विपद् जोखिम न्यूनीकरणका कार्यहरू भएका हुनेछन्। | मध्यकालीन | वातावरण तथा विपद् व्यवस्थापन शाखा, | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, स्थानीय तहमा क्रियाशील गैरसरकारी संस्था |
| गाउँपालिका भित्रका ऐतिहासिक तथा साँस्कृतिक सम्पदा मर्मतसम्भार, प्रवलिकरण र सुरक्षित सञ्चालनका लागि कार्यविधि तयार गरी लागु गर्ने। | ऐतिहासिक तथा साँस्कृतिक सम्पदाको उत्थानशीलता वृद्धिका लागि कानूनी व्यवस्था भएको हुनेछ। | मध्यकालीन | पूर्वाधार विकास शाखा | गाउँ/नगर कार्यपालिका, पुरातत्व विभाग, शहरी विकास तथा भवन निर्माण विभाग |

### ५.३ विपद् जोखिम सुशासनको लागि क्षमता अभिवृद्धि, सहकार्य र साझेदारी

स्थानीय तहमा विपद् जोखिम शासकीय पद्धतिको क्षेत्रमा रहेको क्षमताको समिक्षा र मुल्यांकन गरी क्षमता अभिवृद्धि गर्नुका साथै साझेदारी एवं सहकार्यको अवधारणा विकास गर्नु आवश्यक छ । साथै,विपद् जोखिम व्यवस्थापनमा संलग्न छिमेकी देशहरू, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू

र अनसु न्धान संस्थाहरूसँग सहकार्य र साझेदारी विकास गर्नुजरूरी छ । यसका लागि निम्न रणनीतिक क्रियाकलापहरू निर्धारण गरीएका छन् ।

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी |
|---|---|---|---|---|
| गाउँपालिकाका सबै पदाधिकारी, कर्मचारीहरूलाई विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन सम्बन्धी अनुशिक्षण तथा क्षमता विकास तालिम प्रदान गर्ने। | स्थानीय तहको विपद् जोखिम न्यूनीकरणमा शासकीय क्षमता विकास भएको हुनेछ। | अल्पकालीन | वातावरण तथा विपद् व्यवस्थापन शाखा | स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान, प्रदेश सुशासन प्रशिक्षण प्रतिष्ठान, स्थानीय तहमा क्रियाशील गैरसरकारी संस्थाहरू |
| जोखिममा रहेका समुदायको विपद् व्यवस्थापनमा पहुँच, प्रतिनिधित्व र सहभागिता बढाउन क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने। | विपद् व्यवस्थापनमा जोखिममा रहेका समूह र समुदायको प्रभावकारी सहभागिता भएको हुनेछ। | अल्पकालीन | महिला तथा बालबालिका शाखा, वातावरवण तथा विपद् व्यवस्थापन शाखा | स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान, प्रदेश सुशासन प्रशिक्षण प्रतिष्ठान, स्थानीय तहमा क्रियाशील गैरसरकारी संस्थाहरू |
| विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन समिति, सम्बन्धित सरकारी तथा गैरसरकारी र निजी क्षेत्रबीच सहकार्य र साझेदारी अभिवृद्धि गर्ने। | विपद् जोखिम न्यूनीकरणमा सरोकारवालाहरूको सहभागिता भएको हुनेछ। | अल्पकालीन | वातावरण तथा विपद् व्यवस्थापन शाखा | गाउँ/नगर कार्यपालिका |

| | | | | |
|---|---|---|---|---|
| सिमाना जोडिएका, जलाधारको उपल्लो तथा तल्लो तटीय क्षेत्रमा रहेका स्थानीय तह र समुदायसँग समन्वय र सहकार्य गर्ने। | विपद् न्यूनीकरणका काममा सहकार्य र साझेदारी अभिवृद्धि भएको हुनेछ। | दिर्घकालीन | स्थानीय विपद् व्यवस्थाप समिति | गाउँ/नगर कार्यपालिका |
| जलवायु तथा विपद् जोखिम प्रभाव मूल्याङ्कन विधि र प्रविधि सम्बन्धी तालिम सञ्चालन गर्ने। | जलवायु तथा विपद् जोखिम प्रभाव मूल्याङ्कन गर्ने जनशक्तिको विकास भएको हुनेछ। | अल्पकालीन | वातावरण तथा विपद् व्यवस्थापन शाखा | नेपाल सरकार, प्रदेश सरकार, |

### ५.४ विपद् जोखिम न्यूनीकरणमा समावेशीताको सुनिश्चितता

महिला, बालबालिका, ज्येष्ठ नागरीक, अपाङ्ग र आर्थिक तथा सामाजिक रूपले सीमान्तकृत समुदाय र व्यक्तिहरू सबैभन्दा बढी जोखिममा रहेका र विपदबार बढी प्रभावित हुने गरेका छन् । विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका विभिन्न प्रक्रियामा यी समूहहरूको पहुँच, प्रतिनिधित्व र अर्थपूर्ण सहभागिता बृद्धि गरी समावेशीताको सुनिश्चितता गर्नु पर्ने आवश्यकता छ । यसका लागि निम्न रणनीतिक क्रियाकलापहरू निर्धारण गरीएका छन् ।

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी |
|---|---|---|---|---|
| गाउँपालिकामा विपद् जोखिम व्यवस्थापनका प्रक्रियाहरूमा लैङ्गिक तथा सामाजिक समावेशी सिद्धान्त लागु गर्ने। | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका क्रियाकलापहरूमा लैङ्गिक तथा सामाजिक समावेशीताका सवालहरू सम्बोधन भएको हुनेछ। | अल्पकालीन | महिला तथा बालबालिका शाखा, सामाजिक विकास शाखा | वातावरण तथा विपद् व्यवस्थापन शाखा, स्थानीय तहमा क्रियाशील गैरसरकारी संस्थाहरू, नेपाल रेडक्रस । |

| | | | | |
|---|---|---|---|---|
| विपद् व्यवस्थापन समिति, उपसमिति र कार्यदलहरूमा महिला, अपाङ्गता भएका, सीमान्तकृत एवं विभिन्न प्रकोपको उच्च जोखिममा रहेका समुदायको सहभागिता गराउने। | स्थानीय शासन पद्दतिमा सङ्कटासन्न समुदायको सहभागिता सुनिश्चित भएको हुनेछ। | अल्पकालीन | महिला तथा बालबालिका शाखा, सामाजिक विकास शाखा | वातावरण तथा विपद् व्यवस्थापन शाखा, स्थानीय तहमा क्रियाशील गैरसरकारी संस्थाहरू, नेपाल रेडक्रस |
| समाजका सीमान्तकृत समूह, महिला, बालबालिका, अपाङ्गता भएका तथा ज्येष्ठ नगारिकाका लागि विपद् जोखिम न्यूनीकरण सम्बन्धी विशेष कार्यक्रमहरू सञ्चालन गर्ने। | महिला, बालबालिका, अपाङ्गता भएको, तथा ज्येष्ठ नागरिकहरूको जोखिम कम भएको हुनेछ। | दीर्घकालीन | महिला तथा बालबालिका शाखा, सामाजिक विकास शाखा | वातावरण तथा विपद् व्यवस्थापन शाखा, स्थानीय तहमा क्रियाशील गैरसरकारी संस्थाहरू, नेपाल रेडक्रस |

# परिच्छेद ६

# प्राथमिकता प्राप्त क्षेत्र ३- उत्थानशीलता वृद्धिका लागि निजी तथा सार्वजनिक लगानीको प्रवर्द्धन

## ६.१ उत्थानशीलता वृद्धिमा लगानी प्रवर्धन

भौतिक पूर्वाधारहरू, प्राकृतिक श्रोतहरू, जीविकोपार्जनका उपाय र शीपहरू, कृषि औजार, सम्पत्ति र लगानीहरू हरेक विपदबात प्रभावित हुने गरेका छन्। गरीब, निमूखा,भूमिहीन, सीमान्तकृत, ज्याला मजदुरीमा आश्रित व्यक्ति र परिवारको जीविकोपार्जनलाई प्रत्येक प्रकोपले दीर्घकालीन रूपमा क्षति पु¥याएर विपद् संकटउन्मुखतामा बृद्धि भैरहेको छ । सार्वजनिक सेवा, जीविकोपार्जनका साधनहरू तथा भौतिक पूर्वाधारहरूको निर्माण र प्रबलीकरणमा लगानी बृद्धि गरी उत्थानशीलता प्रबद्र्धन गर्न सकिन्छ । यसका लागि निम्न रणनीतिक क्रियाकलापहरू निर्धारण गरीएका छन् ।

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी |
|---|---|---|---|---|
| महिला, बालबालिका तथा पिछडिएका समुदायहरूको आवश्यकता बमोजिम उनीहरको जीवनस्तर वृद्धि गर्नको लागि रोजगारी, सीप विकास तथा स्वास्थ्य सेवासँग सम्बन्धित कार्यक्रमहरू तथा तालिमहरू सञ्चालन गर्न लगानी गर्ने। | सङ्कटासन्न समुदायको विपद् उत्थानशीलता वृद्धि भएको हुनेछ। | अल्पकालीन | महिला तथा बालबालिका शाखा, सामाजिक विकास शाखा | स्थानीय तहमा क्रियाशील गैरसरकारी संस्था, नेपाल रेडक्रस, निजी क्षेत्र |
| विपद् जोखिम क्षेत्रका विपन्न, सीमान्तकृत समूहको आम्दानी बढाउने कार्यक्रम सञ्चालन गर्ने। | विपद् जोखिम क्षेत्रका समुदायको विपद् उत्थानशीलता अभिवृद्धि भएको हुनेछ। | अल्पकालीन | सामाजिका विकास शाखा, कृषि शाखा, उद्योग शाखा | वातावरण तथा विपद् व्यवस्थापन शाखा, स्थानीय तहमा क्रियाशील गैरसरकारी |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी |
| --- | --- | --- | --- | --- |
| | | | | संस्था, नेपाल रेडक्रस |
| विपद् जोखिममा रहेका समुदायका लागि सामाजिक सुरक्षा, आधारभूत स्वास्थ्य, प्रजनन स्वास्थ्य, बाल स्वास्थ्य, किशोर किशोरीको स्वास्थ्य र पोषण सुधारका विशेष कार्यक्रम सञ्चालन गर्ने। | विपद् जोखिम क्षेत्रका समुदायको विपद् उत्थानशीलता अभिवृद्धि भएको हुनेछ। | अल्पकालीन | सामाजिका विकास शाखा, स्वास्थ्य शाखा | वातावरण तथा विपद् व्यवस्थापन शाखा, स्थानीय तहमा क्रियाशील गैरसरकारी संस्था, नेपाल रेडक्रस |
| आपत्कालीन समयमा अत्यावश्यक सेवाको निरन्तरताको लागि योजना बनाउने। | आपत्कालीन अत्यावश्यक सेवा र संरचनाहरू विपद् उत्थानशील भएका हुनेछन्। | अल्पकालीन | वातावरण तथा विपद् व्यवस्थापन शाखा | गाउँ/नगर कार्यपालिका |
| सडक दुर्घटना हुनसक्ने सम्भावित स्थानहरूमा सडक सुरक्षाका उपायहरू (Safety Barriers, Steel-Guard Rails, Road-Humps, Rumble Stripes, Reflective Road Markings, Signals) निर्माण गर्ने। | सडक सुरक्षाका संरचनाहरू निर्माण भएको हुनेछ। | मध्यकालीन | पूर्वाधार विकास शाखा | नेपाल सरकार, प्रदेश सरकार, गाउँपालिका, डिभिजन सडक कार्यालय |
| गाउँपालिका अन्तर्गतका विद्यालय भवनहरू प्रवलीकरण गरी संरचना सुरक्षित गर्ने। | विद्यालयहरू उत्थानशीलता तर्फ अग्रसर भएका हुनेछन्। | मध्यकालीन | पूर्वाधार विकास शाखा, शिक्षा शाखा | नेपाल सरकार, प्रदेश सरकार, |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी |
|---|---|---|---|---|
| स्थानीय स्रोत, सामग्रीमा आधारित वातावरणमैत्री भौतिक संरचना र प्रविधिमा लगानी प्रवर्द्धन गर्ने। | हरित संरचनाले जोखिम न्यूनीकरण र जलवायु अनुकूलनमा सहयोग पुग्नेछ। | मध्यकालीन | वातावरण तथा विपद् व्यवस्थापन शाखा | नेपाल सरकार, प्रदेश सरकार, गाउँपालिका, निजी क्षेत्र |
| सबै वडामा जोखिममा रहेका समुदायलाई पर्याप्त हुने गरी मानिसहरू तथा पशुपन्छी राख्न आश्रयस्थल, गोठ, खुला चौर र तिनमा खानेपानी, शौचालय स्थापना गर्ने। | विपद्को समयमा आश्रयको निम्ति सुरक्षित स्थानहरू उपलब्ध भएका हुनेछन्। | अल्पकालीन | वातावरण तथा विपद् व्यवस्थापन शाखा, पूर्वाधार विकास शाखा | खानेपानी एकाइ |
| गाउँपालिका अन्तर्गतका अस्पताल, स्वास्थ्य संस्थामा आकस्मिक उपचार केन्द्रहरू स्थापना गर्ने। | विपद्को समयमा घाइतेहरूको उपचारका लागि पर्याप्त सुविधा उपलब्ध भएको हुनेछ। | मध्यकालीन | स्वास्थ्य शाखा | स्वास्थ्य कार्यालय |
| स्वच्छ र नवीकरणीय ऊर्जाको प्रवर्द्धन गर्ने। | जलवायु परिवर्तन अनुकूलनमा योगदान भएको हुनेछ। | दीर्घकालीन | वातावरण तथा विपद् व्यवस्थापन शाखा | वैकल्पिक ऊर्जा प्रवर्धन केन्द्र |
| गाउँपालिका भित्रका सामाजिक, आर्थिक तथा साँस्कृतिक पूर्वाधारको प्रवलिकरणका लागि लगानी बढाउने। | जोखिमयुक्त पूर्वाधारहरू सुरक्षित भएका हुनेछन्। | दीर्घकालीन | पूर्वाधार विकास शाखा | शहरी विकास तथा भवन निर्माण विभाग, पुरातत्व विभाग |
| गाउँपालिका भित्रका सरकारी कार्यालय, सामुदायिक भवन, विद्यालय, अस्पताल र आश्रयस्थल बालबालिका, बृद्ध-बृद्धा तथा अपाङ्गमैत्री बनाउने। | पूर्वाधार संरचनाहरूमा बालबालिका, बृद्ध-बृद्धा तथा अपाङ्गता भएका व्यक्तिहरूको पहुँच बढेको हुनेछ। | दीर्घकालीन | पूर्वाधार विकास शाखा | नेपाल सरकार, प्रदेश सरकार, गाउँपालिका |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी |
| --- | --- | --- | --- | --- |
| बाढी तथा पहिरो जोखिम न्यूनीकरणका लागि जैविक बाँध, वृक्षरोपण, वन संरक्षण, जलाधार संरक्षण कार्यलाई प्रोत्साहन गर्ने। | वातावरण संरक्षण र बाढी तथा पहिरो जोखिम न्यूनीकरण भएको हुनेछ। | दीर्घकालीन | वातावरण तथा विपद् व्यवस्थापन शाखा | प्रदेश सरकार, गाउँपालिका |

### ६.२ विपद् जोखिम न्यूनीकरणमा सार्वजनिक लगानी वृद्धि

विपद् जोखिम आँकलनको आधारमा वार्षिक तथा आवधिक योजनाहरूको तर्जुमा गरी विपद् जोखिम न्यूनीकरणका लागि सार्वजनिक निकायहरूले पर्याप्त बजेटको व्यवस्था गर्नु जरूरी छ । यसका लागि निम्न रणनीतिक क्रियाकलापहरू निर्धारण गरीएका छन् ।

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी |
| --- | --- | --- | --- | --- |
| सबै विषयक्षेत्रगत योजना तथा कार्यक्रममा विपद् जोखिम न्यूनीकरण तथा जलवायु परिवर्तन अनुकूलनको मूलप्रवाहिकरण हुने गरी लागत अनुमान तयार र कार्यान्वयन गर्ने | विपद् जोखिम न्यूनीकरण तथा जलवायु परिवर्तन अनुकूलनको मूलप्रवाहिकरण सुनिश्चित भएको हुनेछ। | अल्पकालीन | सबै शाखाहरू, वडा कार्यालयहरू | गाउँ/नगर कार्यपालिका |
| गाउँपालिका भित्रका सडक सुरक्षाका लागि बजेट विनियोजना गर्ने। | सडक दुर्घटना जोखिम न्यूनीकरणका लागि लगानी सुनिश्चित भएको हुनेछ। | अल्पकालीन | पूर्वाधार विकास शाखा | सडक विभाग |
| लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण र विपद् जोखिममा रहेका समुदायको उत्थानशीलता अभिवृद्धि गर्ने | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका क्रियाकलापहरू कार्यान्वयन भएका हुनेछन्। | अल्पकालीन | महिला तथा बालबालिका शाखा, सामाजिक विकास शाखा | गाउँपालिका |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी |
|---|---|---|---|---|
| क्रियाकलाप योजनामा समाविष्ट गर्ने। | | | | |

## ६.३ विपद् जोखिम न्यूनीकरणमा निजी लगानी प्रवर्धन

ब्यापार तथा उद्योगहरूमा विपद् जोखिम निर्धारणको आधारमा व्यवसाय निरन्तरता योजना तयारी र कार्यान्वयन गर्नु पर्ने हुन्छ ।नीजि क्षेत्र, बैंक, सहकारी तथा सामुदायिक संस्थाहरूले विपद् जोखिम न्यूनीकरणका लागि लगानी गर्ने सहज व्यवस्था गर्नु जरूरी हुन्छ । यसका लागि निम्न रणनीतिक क्रियाकलापहरू निर्धारण गरीएका छन् ।

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी |
|---|---|---|---|---|
| गाउँपालिका भित्रका साना व्यापार व्यवसाय तथा उद्योगहरूलाई विपद्को समयमा व्यवसाय निरन्तरताका लागि योजना बनाउन प्रोत्साहित गर्ने। | विपद्को समयमा व्यवसाय निरन्तर सञ्चालन भएको हुनेछ। | अल्पकालीन | उद्योग शाखा | सहकारी संस्था, उद्योगी तथा व्यवसायी । |
| विपद् जोखिम व्यवस्थापनमा निजी क्षेत्रको स्रोत परिचालन प्रवर्द्धन गर्ने। | विपद् जोखिम व्यवस्थापनमा निजी क्षेत्रको लगानी अभिवृद्धि भएको हुनेछ। | अल्पकालीन | वातावरण तथा विपद् व्यवस्थापन शाखा | उद्योगी, व्यवसायीहरू |
| विपद् प्रभावित व्यक्तिहरूलाई रोजगारी, सहुलियत ऋण, निर्ब्याजी ऋण, सशर्त नगद सहयोग उपलब्ध गराउने उपायहरूको प्रवर्द्धन गर्ने। | विपद् प्रभावितहरूको पुनर्लाभमा सुधार भएको हुनेछ। | मध्यकालीन | वातावरण तथा विपद् व्यवस्थापन शाखा | सहकारी, बैंक तथा वित्तीय संस्थाहरू |

| | | | | |
|---|---|---|---|---|
| व्यावसायिक सामाजिक जिम्मेवारी (Corporate Social Responsibility) कार्यक्रम मार्फत विपद् पश्चात पुनर्लाभ र पुनर्निर्माणमा निजी लगानी अभिवृद्धि गर्ने। | पुनर्लाभ र पुनर्निर्माणमा निजी लगानी अभिवृद्धि भएको हुनेछ। | मध्यकालीन | वातावरण तथा विपद् व्यवस्थापन | उद्योगी, व्यवसायीहरू |

## ६.४ जोखिम हिस्सेदारी, बीमा तथा सामाजिक सुरक्षा मार्फत विपद् उत्थानशीलता अभिवृद्धि

कृषि तथा पशु बीमा, लघु बीमा, आकस्मिक कोष, निम्न व्याजदर ऋण योजना जस्ता जोखिम हिस्सेदारी विधीहरूको विकास गर्नु जरूरी देखिन्छ । सामाजिक सुरक्षाका कार्यक्रमहरूलाई पनि विपद् उत्थानशीलतासँग जोड्नु पर्ने आवश्यकता छ । यसका लागि निम्न रणनीतिक क्रियाकलापहरू निर्धारण गरीएका छन् ।

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी |
|---|---|---|---|---|
| सङ्कटासन्न समूह र विपद् जोखिम न्यूनीकरणमा संलग्न व्यक्ति तथा समुदायको जीवन बीमा, दुर्घटना बीमा गर्न प्रोत्साहन गर्ने। | सङ्कटासन्न समूह र विपद् जोखिम न्यूनीकरणमा संलग्न व्यक्ति तथा समुदायको जोखिममा आर्थिक हिस्सेदारी वृद्धि भएको हुनेछ। | अल्पकालीन | वातावरण तथा विपद् व्यवस्थापन शाखा | राष्ट्रिय बीमा समिति, बीमा कम्पनिहरू |
| भौतिक पूर्वाधार निर्माण एवम् विभिन्न सेवामा संलग्न निर्माण व्यवसायी तथा व्यावसायिक, प्रतिष्ठानहरूले कामदार, कर्मचारीहरूको दुर्घटना बीमा गर्ने व्यवस्था गर्ने। | कामदार, कर्मचारीको विपद् जोखिममा साझेदारी भएको हुनेछ। | अल्पकालीन | वातावरण तथा विपद् व्यवस्थापन शाखा | उद्योगी, निर्माण व्यवसायीहरू, अन्य व्यवसायीहरू |
| कृषि तथा पशु विमा, कृषक लाभ कार्यक्रम र खाद्य तथा बिऊ भण्डारण केन्द्रहरू स्थापना गर्ने। | कृषि क्षेत्रमा विपद् उत्थानशीलता वृद्धि भएको हुनेछ। | अल्पकालीन | कृषि शाखा | नेपाल सरकार, प्रदेश सरकार, गाउँपालिका |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी |
|---|---|---|---|---|
| जीवन तथा निर्जीवन विमा प्रणालीलाई विस्तार गर्न प्रोत्साहलन गर्ने। | बिमा मार्फत विपद् जोखिम व्यवस्थापन भएको हुनेछ। | अल्पकालीन | वातावरण तथा विपद् व्यवस्थापन शाखा | राष्ट्रिय बीमा समिति, बीमा कम्पतीहरू |
| सामाजिक सुरक्षा कार्यक्रमहरूमा विपद् जोखिम न्यूनीकरणलाई मूलप्रवाहीकरण गर्ने। | जोखिममा रहेका समूहलाई विपद् सामना गर्न सहयोग पुगेको हुनेछ। | मध्यकालीन | सामाजिक विकास शाखा | नेपाल सरकारको अर्थ मन्त्रालय, गृह मन्त्रालय, गाउँपालिका |
| राहत वितरणलाई एकद्वार प्रणालीमा वडा कार्यालय मार्फत वितरण गर्ने व्यवस्था मिलाउने। | राहत वितरण प्रभावकारी भएको हुनेछ। | मध्यकालीन | स्थानीय विपद् व्यवस्थापन समिति, वडा कार्यालय | नेपाल सरकार, प्रदेश सरकार, स्थानीय स्तरमा क्रियाशील गैरसरकारी संस्था |

# परिच्छेद ७

# प्राथमिकता प्राप्त क्षेत्र ४- विपद् प्रतिकार्य र पुनर्लाभ, पुनःस्थापना तथा पुनर्निर्माणमा "अझ राम्रो र बलियो निर्माण"का लागि विपद् पूर्वतयारीको सुदृढीकरण

## ७.१ प्रभावकारी विपद् प्रतिकार्यका लागि विपद् पूर्वतयारीको सुदृढीकरण

विपद् पूर्वतयारीका लागि संस्थागत, नीतिगत र कार्य क्षमता अभिवृद्धि गर्पनुर्ने हुन्छ । आपत्कालिन कार्यसंचालन केन्द्रको स्थापनाका साथै भण्डारण गृहहरूको स्थापना गरी पर्याप्त मात्रामा खाद्यान्न, पानी, औषधी तथा अन्य राहत सामाग्रीहरू र उद्धार उपकरणहरूको भण्डारण गर्नु पर्ने हुन्छ । यसका लागि निम्न रणनीतिक क्रियाकलापहरू निर्धारण गरीएका छन् ।

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी |
|---|---|---|---|---|
| मौसमजन्य प्रकोप (बाढी, पहिरो, शीतलहर, आगलागि, डढेलो) को जोखिम हुने मौसम सुरु हुनु अगावै न्यूनीकरण र प्रतिकार्य योजना बनाई लागु गर्ने। | झोखिम आँकलन गर्न सकिने प्रकोपको प्रभावकारी विपद् प्रतिकार्य भएको हुनेछ। | अल्पकालीन | वातावरण तथा विपद् व्यवस्थापन शाखा, स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र | गाउँ/नगर कार्यपालिका, विषयक्षेत्र |
| गाउँपालिका भित्र आपत्कालीन अवस्थामा प्रयोगमा आउने मुख्य/सहायक वा वैकल्पिक मार्गहरूको पहिचान गरी मर्मत तथा स्तरोन्नती गर्ने। | आपत्कालीन यातायात प्रणाली विपद् उत्थानशील उन्मुख भएको हुनेछ। | दीर्घकालीन | पूर्वाधार विकास शाखा, वडा कार्यालय | गाउँपालिका, स्थानीय समुदाय |
| गाउँपालिका भित्रका वन जङ्गलहरूमा अग्नी रेखा निर्माण तथा नियमित सरसफाई गर्ने। | आगलागिबाट हुने क्षति न्यूनीकरण भएको हुनेछ। | अल्पकालीन | वन उपभोक्ता समिति, वातावरण तथा विपद् | वडा कार्यालय, वन कार्यालय |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी |
|---|---|---|---|---|
| | | | व्यवस्थापन शाखा | |
| मनसुन अगावै ढल निकास मार्गहरू नियमित सफाई गर्ने। | मनसूनजन्य विपद्को न्यूनीकरणमा सहजीकरण भएको हुनेछ। | अल्पकालीन | सरसफाई एकाइ, वडा कार्यालय | स्थानीय समुदाय |
| सार्वजनिक, सरकारी र व्यावसायिक भवन एवम् परिसरमा सुरक्षितपूर्वक बाहिरिने मार्ग (Evacuation Route) र भेला हुने स्थान (Area of Assembly) छुट्याई सिमाङ्कन गर्ने। | सार्वजनिक भवन तथा स्थलहरू विपद् प्रतिकार्यका लागि पूर्वतयारी अवस्थामा भएका हुनेछन्। | अल्पकालीन | वातारण तथा विपद् व्यवस्थापन शाखा | स्थानीय/ वडास्तरीय विपद् व्यवस्थापन समिति, कार्यालयहरू |
| प्रदेश र संघीय निकायसँग समेत समन्वय गरी आपत्कालका लागि खाद्यान्न, पानी, औषधी र अन्य राहत सामग्रीहरूको व्यवस्था गर्ने। | विपद् संवेदनशील महत्वपूर्ण स्थानहरूमा राहत तथा उद्धार सामग्रीहरूको लागि भण्डारण गृह उपलब्ध भएको हुनेछ। | दीर्घकालीन | वातावरण तथा विपद् व्यवस्थापन शाखा | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, प्रदेश सरकार, जिल्ला प्रशासन कार्यालय, नेपाल रेडक्रस, क्रियाशील गैरसरकारी संस्था, निजी क्षेत्र |
| उद्धार सामग्री तथा उपकरणहरू (डुङ्गा, दमकल, एम्बुलेन्स, स्ट्रेचर, प्राथमिक | विपद् संवेदनशील स्थानहरूमा उद्धार सामग्रीहरू उपलब्ध भएको हुनेछ। | दीर्घकालीन | स्थानीय आतपकालिन कार्यसञ्चालन केन्द्र | नेपाल सरकार, प्रदेश सरकार |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी |
|---|---|---|---|---|
| उपचार बाकस आदि) व्यवस्था गर्ने। | | | | |
| महिला, गर्भवती महिला, सुत्केरी, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा बिरामीहरूका लागि आवश्यक पर्ने विशेष औषधी, सरसफाईका सामान, सहायक उपकरणहरू व्यवस्था गर्ने। | आपत्कालीन समयमा सङ्कटासन्न समूहको विशेष आवश्यकता सम्बोधन भएको हुनेछ। | दीर्घकालीन | महिला तथा बालबालिका शाखा, | गाउँ/नगर कार्यपालिका, क्रियाशील गैरसरकारी संस्था |
| सरोकारवालाहरूको सहभागितामा प्रत्येक वर्ष मनसून अगाडी विपद् पूर्वतयारी र मनसून पछि समीक्षा गर्ने। | विपद् पूर्वतयारी तथा प्रतिकार्यको परिक्षण भएको हुनेछ। | अल्पकालीन | वातावरण तथा विपद् व्यवस्थापन शाखा | स्थानीय विपद् व्यवस्थापन समिति |
| गाउँपालिकामा विपद्को क्षति र आवश्यकताको द्रुत आँकलन क्षमता विकास गर्ने। | विपद्को क्षतिको जानकारी तुरुन्त उपलब्ध भएको हुनेछ। | मध्यकालीन | वातावरण तथा विपद् व्यवस्थापन शाखा | स्थानीय विपद् व्यवस्थापन समिति, विषयक्षेत्र |

### ७.२ विपद् पूर्वतयारीको लागि बहुप्रकोप पूर्वसूचना प्रणालीको विकास

प्रमुख प्रकोपहरूका लागि पूर्वसूचना प्रणाली स्थापना, सम्बन्धित संस्थाहरूको क्षमता अभिबृद्धि र पूर्वसूचना सन्देशप्राप्त भइ सके पछिचाल्नु पर्ने कदमहरू बारे चेतनामूलक तथा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्नुपर्ने आवश्यकता हुन्छ । पर्व् सच् ना प्रणाली सञ्चालनका लागि कार्य सञ्चालन विधी तयार गरी विभिन्न निकायहरूको भूमिका तथा जिम्मेवारीको बारेमा स्पष्ट पार्नु पर्ने आवश्यकता छ । यसका लागि निम्न रणनीतिक क्रियाकलापहरू निर्धारण गरीएका छन् ।

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी |
|---|---|---|---|---|
| प्रकोप पूर्वानुमान र पूर्वसूचना सन्देशहरू प्रसारण गर्ने। | सरोकारवालाहरूलाई प्रकोपको पूर्वसूचना र सन्देशहरू समयमै उपलब्ध भएको हुनेछ। | निरन्तर | स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र | जल तथा मौसम विज्ञान विभाग, जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र |
| पूर्वसूचना सन्देश प्राप्त हुनासाथ समुदाय एवम् उद्धारकहरूलाई तयारी अवस्थामा राख्ने। | पूर्वसूचना सन्देश प्राप्त भइसकेपछि प्रतिकार्यका लागि गरिने कार्यहरू सुनिश्चित भएको हुनेछ। | अल्पकालीन | स्थानीय आपतकालीन् कार्यसञ्चालन केन्द्र | वातावरण तथा विपद् व्यवस्थापन शाखा, विषयक्षेत्र |
| स्थानीय स्तरमा पूर्वसूचना प्रणाली सुदृढ गर्ने। | विपद् जोखिमका बारेमा समयमै जानकारी उपलब्ध भएको हुनेछ। | अल्पकालीन | वातावरण विपद् व्यवस्थापन शाखा, स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र | राष्ट्रिय, प्रादेशिक तथा जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र |
| पूर्वसूचना प्रणालीमा महिला, बालबालिका, ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरूको पहुँच, प्रतिनिधित्व र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने। | जोखिममा रहेका सबै समुदायको पूर्वसूचना प्रणालीमा पहुँच भएको हुनेछ। | अल्पकालीन | स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र | महिला तथा बालबालिका शाखा, समाजिक विकास शाखा |
| विपद् पूर्वतयारी, पूर्वसूचना र प्रतिकार्यमा स्थानीय, परम्परागत ज्ञान, सीपको उपयोग गर्ने। | विपद् प्रतिकार्य प्रभावकारी भएको हुनेछ। | अल्पकालीन | वातावरण ताथ विपद् व्यवस्थापन शाखा | स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र, विषयक्षेत्र |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी |
|---|---|---|---|---|
| | | | | |
| निजी भवन, सार्वजनिक भवन, विद्यालय, अस्पताल तथा महत्वपूर्ण पूर्वाधार संरचनाहरूमा धुँवा डिटेक्टर र आगलागी अलार्म र फायर इक्स्टिङगुइसर जडान गर्ने व्यवस्था गर्ने। | आगलागीले हुने क्षति कम भएको हुनेछ। | दीर्घकालीन | वातावरण तथा विपद् व्यवस्थापन शाखा | नेपाल सरकार, प्रदेश सरकार, गाउँपालिका |
| पूर्वसूचना प्रणालीमा आधारित विपद् प्रतिकार्यका लागि नियमित जनचेतना, उपकरणहरूको परीक्षण तथा कृत्रिम घटना अभ्यास गर्ने। | प्रभावकारी विपद् प्रतिकार्य भएको हुनेछ। | अल्पकालीन र निरन्तर | स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र | वातारण तथा विपद् व्यवस्थापन शाखा, विषयक्षेत्र |

### ७.३ समुदायमा आधारित विपद् जोखिम न्यूनीकरण प्रवर्द्धन

प्रभावकारी विपद् पूर्वतयारी र प्रतिकार्यका लागि विपद् जोखिम, प्रकोप र संकाटउन्मुखताको बारेमा समुदायमा काम गर्ने, सचेतना बढाउने, जनतालाई हरदम सुसूचित राख्ने र परिचालन गर्न सक्ने समुदायमा आधारित संस्थागत संरचनाहरूको स्थापना, विस्तार र त्यसको सञ्जालीकरण गर्नु आवश्यक छ । यसका लागि निम्न रणनीतिक क्रियाकलापहरू निर्धारण गरीएका छन् ।

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी |
|---|---|---|---|---|
| विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन सम्बन्धी क्रियाकलापहरू समुदायमा सञ्चालन गर्ने। | समुदायको विपद् व्यवस्थापन क्षमता अभिवृद्धि भएको हुनेछ। | अल्पकालीन | वातारण तथा विपद् व्यवस्थापन शाखा, वडा कार्यालय | क्रियाशील गैरसरकारी संस्थाहरू, नेपाल रेडक्रस |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी |
|---|---|---|---|---|
| विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि समुदाय, स्वयंसेवक, गैरसरकारी संस्था लगायतलाई परिचालन गर्ने। | समुदायमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको क्षमता अभिवृद्धि भएको हुनेछ। | अल्पकालीन | वातावरण तथा विपद् व्यवस्थापन शाखा | गाउँपालिका, क्रियाशील गैरसरकारी संस्था, नेपाल रेडक्रस |
| समुदायमा विपद् प्रतिकार्य र खोज तथा उद्धार, स्वयंसेवक टोली गठन गरी क्षमता विकास गरी परिचालन गर्ने। | स्थानीय तहको विपद् प्रतिकार्य क्षमता प्रभावकारी भएको हुनेछ। | अल्पकालीन | स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्र, वडा कार्यालय,<br>वातावरण तथा विपद् व्यवस्थापन शाखा | क्रियाशील गैरसरकारी संस्था, नेपाल रेडक्रस, निजी क्षेत्र |
| विपद् व्यवस्थापन सम्बन्धी कार्यक्रम र नीति निर्माणमा महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र सङ्कटासन्न समुदायको पहुँच, प्रतिनिधित्व र सहभागिता सुनिश्चित गर्ने। | समुदायमा आधारित विपद् व्यवस्थापनका क्रियाकलाप समावेशी भएको हुनेछ। | मध्यकालीन | महिला तथा बालबालिका शाखा, वातावरण तथा विपद् व्यवस्थापन शाखा | गाउँ/नगर कार्यपालिका, स्थानीय विपद् व्यवस्थापन समिति |
| विकास योजनाको अनुगमन तथा मूल्याङ्कनमा वातावरण संरक्षण तथा विपद् जोखिम न्यूनीकरण सम्बन्धी विषय समावेश गर्ने। | स्थानीय तहमा विपद् व्यवस्थापनमा उत्तरदायित्व स्थापित भएको हुनेछ। | मध्यकालीन | अनुगमन तथा सुपरिवेक्षण समिति, वातावरण तथा विपद् व्यवस्थापन शाखा | पूर्वाधार विकास शाखा, योजना तथा अनुगमन शाखा |

## ७.४ विपद् पूर्वतयारीको लागि सञ्चार तथा प्रशारण प्रणाली सुदृढीकरण

विपद् सूचनामा संकटउन्मुख समूहको पहुँच बृद्धि गर्न विशेष प्रकारको संचार तथा प्रसार विधि अनुसरण गर्नु पर्ने आवश्यकता छ । यसका लागि निम्न रणनीतिक क्रियाकलापहरू निर्धारण गरीएका छन् ।

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी |
|---|---|---|---|---|
| सामुदायिक सूचना केन्द्रहरू स्थापना र सुदृढ गर्ने। | विपद् जोखिम बारे समुदाय सुसूचित भएका हुनेछ। | मध्यकालीन | वातावरण तथा विपद् व्यवस्थापन शाखा, वडा कार्यालय | क्रियाशील गैरसरकारी संस्था, नेपाल रेडक्रस |
| रेडियो, टिभी, टेलिफोन, इन्टरनेट, साईरन, माइक, संकेत, प्रत्यक्ष भेटघाट लगायतका सूचना तथा सञ्चार माध्यमहरूलाई क्रमशः आधुनिक प्रवधियुक्त, स्थानीय समुदायमैत्री हुने गरी सुदृढ गर्ने। | स्थानीय स्तरमा सूचनाहरूको प्रभावकारी संचार तथा प्रसार भएको हुनेछ। | अल्पकालीन | सूचना तथा प्रविधि शाखा | क्रियाशील गैरसरकारी संस्था, स्थानीय समुदाय |
| अति सङ्कटासन्न समूहहरू (निरक्षर, दृष्टि विहीन, श्रवण शक्ति नभएका) का लागि उपयुक्त सञ्चार तथा सूचना विधि/प्रविधि लागु गर्ने। | विपद् सूचनामा अति सङ्कटासन्न समूहको पहुँच वृद्धि भएको हुनेछ। | अल्पकालीन | सूचना तथा प्रविधि शाखा, महिला तथा बालबालिका शाखा | स्थानीय विपद् व्यवस्थापन समिति, क्रियाशील गैरसरकारी संस्था |
| विपद् जोखिम न्यूनीकरण वेभ पोर्टल (BIPAD Portal) सञ्चालन गर्ने। | विपद् सम्बन्धी सूचना तथा जानकारीको प्रभावकारी सञ्चार भएको हुनेछ। | मध्यकालीन तथा निरन्तर | सूचना तथा प्रविधि शाखा, स्थानीय आपतकालीन | वातवारण तथा विपद् व्यवस्थापन शाखा, राष्ट्रिय विपद् जोखिम |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी |
|---|---|---|---|---|
| | | | कार्यसञ्चालन केन्द्र | न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण |

### ७.५ खोज तथा उद्धार क्षमता अभिवृद्धि

विपद् पश्चात आपत्कालिन खोज तथा उद्धार (Search and Rescue) कार्य तीनवटै सुरक्षा निकायबाट समन्वयात्मक रुपले हुने गरेको भएतापनि कार्यगतरूपमा दक्ष र श्रोत साधनयुक्त जिम्मेवारी पाएको एकीकृत संस्थागत व्यवस्थाको विकास हुन बाँकी रहेकोछ । विपद्का घटनापछि स्वतःस्फूर्त रूपमा आउने जागरूकता, मानवीय सहयोगको भावना र राहत सहयोगको एकीकृत प्रयोग हुन नसकी हरेक पटक अलमल र द्विविधा देखापर्ने गरेको पनि छ । राहतको संकलन र परिचालनमा दोहोरोपन आउन नदिन एक निर्देशिका वा कार्यसंचालन विधी (Standard Operating Procedure) तर्जुमा गरी लागु गर्नुपर्ने आवश्यकता छ । आपत्कालीन परिस्थितिमा काम गर्नसक्ने अभ्यस्तताको विकासको निमित्त समय—समयमा गरीरहनु पर्ने पूर्वाभ्यासका कामहरू निरन्तर गर्न नसकिएको अवस्था छ । यसका लागि निम्न रणनीतिक क्रियाकलापहरू निर्धारण गरीएका छन् ।

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी |
|---|---|---|---|---|
| खोज तथा उद्धार स्वयंसेवकहरूलाई तालीम, अभ्यास र उपकरण सहित क्षमता अभिवृद्धि गर्ने। | खोज तथा उद्धार कार्यमा स्वयंसेवकहरूको क्षमता अभिवृद्धि भएको हुनेछ। | अल्पकालीन | वातावरण तथा विपद् व्यवस्थापन शाखा, स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्र | गाउँपालिका, सुरक्षा निकाय, क्रियाशील गैरसरकारी संस्था, नेपाल रेडक्रस, निजी क्षेत्र |
| गाउँपालिका भित्रका स्वास्थ्यकर्मी र स्वयंसेवकलाई प्राथमिक उपचार, इमर्जेन्सी | प्राथमिक तथा आकस्मिक उपचार क्षमता वृद्धि भएको हुनेछ। | अल्पकालीन | स्वास्थ्य शाखा | स्वास्थ्य कार्यालय, नेपाल रेडक्रस, |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी |
|---|---|---|---|---|
| व्यवस्थापन लगायतका तालिम प्रदान गर्ने। | | | | क्रियाशील गैरसरकारी संस्था |
| सरकारी, गैरसरकारी, निजी स्वास्थ्यसंस्थामा आपतकालीन व्यवस्थापन कार्ययोजना बनाई कार्यान्वयन गर्ने। | स्वास्थ्यसंस्थाहरूको आपतकालीन व्यवस्थापन क्षमता सुदृढ भएको हुनेछ । | मध्यकालीन | स्वास्थ्य शाखा | स्वास्थ्य कार्यालय, क्रियाशील गैरसरकारी संस्था |
| राहत संकलन र परिचालनमा एकद्वार प्रणाली अवलम्बन गर्ने। | विपद् प्रतिकार्यमा दोहोरोपना हटी एकरूपता तथा पारदर्शीता कायम भएको हुनेछ। | अल्पकालीन | वातावरण तथा विपद् व्यवस्थापन शाखा, वडा कार्यालय | स्थानीय विपद् व्यवस्थापन समिति, नेपाल सरकार, प्रदेश सरकार, क्रियाशील गैरसरकारी संस्था, नेपाल रेडक्रस |
| वडा स्तरमा तालिम प्राप्त प्रथम उद्धारकहरू (First Responders) तयार गर्ने। | वडा स्तरमा तालिम प्राप्त प्रथम उद्धारक तयार भएको हुनेछ। | अल्पकालीन | वातावरण तथा विपद् व्यवस्थापन शाखा | सुरक्षा निकाय, नेपाल रेडक्रस, क्रियाशील गैरसरकारी संस्था |

### ७.६ पुनर्लाभ, पुनर्स्थापना र पुनर्निर्माणमा "अझ राम्रो र बलियो निर्माण" को प्रवर्द्धन

विपद् पश्चात अझ राम्रो र बलियो निर्माण गर्न पुनर्निर्माण र पुनःस्थापनाका लागि स्तरीय निर्माण सामाग्रीको आपूर्ति, निर्माण कार्यलाई जोखिम प्रतिरोधक बनाउने, निर्माण कार्यमा संलग्न व्यवसायी तथा प्राविधिकहरूको क्षमता अभिबृद्धि गर्नु आवश्यक पर्छ । विपद् जोखिमको आधारमा जमिनको वर्गिकरण गरी उच्च जोखिमयुक्त क्षेत्रमा संरचना निर्माणमा रोक लगाउनु जरूरी हुन्छ । "अझ राम्रो र बलियो निर्माण" का लागि आधुनिक प्रविधि सम्बन्धि अनुसन्धान र विकास गर्नु आवश्यक छ । यसका लागि निम्न रणनीतिक क्रियाकलापहरू निर्धारण गरीएका छन् ।

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी |
|---|---|---|---|---|
| संघ र प्रदेश सरकारसँग समन्वय र साझेदारी गरी विपद् प्रभावित परिवारको लागि पुनर्वास तथा पुनर्स्थापना कार्यक्रम सञ्चालन गर्ने। | विपद् प्रभावितहरूको प्रभावकारी पुनर्स्थापना र पुनर्वास भएको हुनेछ। | अल्पकालीन | पूर्वाधर विकास शाखा, वातावरण तथा विपद् व्यवस्थापन शाखा | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, शहरी विकास तथा भवन निर्माण विभाग |
| पुनर्लाभ, पुनःस्थापना र पुनर्निर्माणमा विपद् जोखिम न्यूनीकरणका क्रियाकलापहरूलाई समावेश गर्ने। | विपद् जोखिम न्यूनीकरण भएको हुनेछ। | अल्पकालीन | पूर्वाधार विकास शाखा, योजना शाखा | शहरी विकास तथा भवन निर्माण विभाग |
| पुनर्निर्माण र पुनःस्थापनामा स्थानीय स्रोत, साधन, ज्ञान तथा सीप र प्रविधिको विकास र उपयोग गर्ने। | पुनर्निर्माण र पुनःस्थापना मितव्ययी र दिगो भएको हुनेछ। | अल्पकालीन | पूर्वाधार विकास शाखा, योजना शाखा | शहरी विकास तथा भवन निर्माण विभाग |
| सार्वजनिक सेवा संरचनाको पुनर्निर्माण तथा मर्मत सम्भार गर्दा महिला, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र बालबालिकाको विशेष आवश्यकतालाई सम्बोधन गर्ने। | सङ्कटासन्न समूहहरूका आवश्यकताहरू सम्बोधन भएको हुनेछ। | अल्पकालीन | पूर्वाधर विकास शाखा, सामाजिक विकास शाखा | महिला तथा बालबालिका शाखा |
| प्रकोप प्रतिरोधी संरचना निर्माण र प्रवलीकरणका लागि ईन्जिनियर, डकर्मी, सिकर्मी, निर्माण व्यवसायी र | प्रकोप प्रतिरोधी संरचना निर्माणका लागि सरोकारवालाहरूको क्षमता विकास भएको हुनेछ। | मध्यकालीन | पूर्वाधार विकास शाखा, वातावरण | नेपाल सरकार, प्रदेश सरकार, क्रियाशील गैरसरकारी |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी |
|---|---|---|---|---|
| आपूर्तिकर्तालाई अभिमुखिकरण तथा तालिम सञ्चालन गर्ने। | | | तथा विपद् व्यवस्थापन शाखा | संस्था, स्थानीय उद्योग वाणीज्य संघ |
| बलियो र सुरक्षित निर्माणका लागि जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने। | प्रकोप प्रतिरोधी भवन, संरचना निर्माण बारे जनचेतना अभिवृद्धि भएको हुनेछ। | मध्यकालीन | पूर्वाधार विकास शाखा, वडा कार्यालय | क्रियाशील गैरसरकारी संस्था, नेपाल रेडक्रस |
| भवन तथा अन्य पूर्वाधारहरूको निर्माण संहिताको पालना गराउने, निर्माण सामग्रीको गुणस्तर र निर्माणको मापदण्ड लागु गर्ने। | पुनर्निर्माण गरिएका संरचनाहरू अझ बलियो भएका हुनेछन्। | मध्यकालीन | पूर्वाधार विकास शाखा | शहरी विकास तथा भवन निर्माण विभाग, गाउँपालिका |
| जोखिमयुक्त क्षेत्रमा बस्ती विकास, ठूला संरचना निर्माण र उद्योग खोल्न प्रतिबन्ध लगाउने। | उच्च जोखिम क्षेत्रमा संरचना निर्माणमा रोक लगाईएको हुनेछ। | मध्यकालीन | पूर्वाधार विकास शाखा | गाउँ/नगर सभा |

# परिच्छेद ८

# रणनीतिक कार्ययोजना कार्यान्वयनका लागि वित्तीय व्यवस्था

## ८.१ कार्यान्वयनका लागि वित्तीय व्यवस्था

यस रणनीतिक कार्ययोजनाको प्रभावकारी तथा दक्षतापूर्ण कार्यान्वयनका लागि आवश्यक आर्थिक स्रोतको व्यवस्था निम्न प्रकारले गरीनेछ।

क) संघ र प्रदेश अन्तरगतका विषयगत मन्त्रालय वा विभागहरूबाट प्राप्त नियमित बजेट

ख) संघ र प्रदेश अन्तरगतका विषयगत मन्त्रालय वा विभागहरूबाट विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि बजेट

ग) प्रमुख विपद् घटनापछि पुनर्लाभ र पुर्ननिर्माणका लागि हरेक सम्बन्धित निकायबाट प्राप्त विशेष बजेट

घ) स्थानीय तहमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन आयोजनाहरू वा कार्यक्रमको लागि बजेट

ङ) संघ, प्रदेश, स्थानीय तथा सामुदायिक तहमा स्थापित “विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कोष”

च) नीजि संस्थाहरू, उद्योग वाणिज्य महासंघ, सहकारी, बैंक, वित्तीय संस्था तथा वीमा कम्पनीहरूको लगानी तथा सहायता

छ) विकास साझेदारहरू (द्विपक्षीय, बहुपक्षीय, संयुक्त राष्ट्र संघ अन्तर्गतका निकायहरू) बाट सहयोग

ज) अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरू एवं रेडक्रस अभियानका अंगहरुबाट सञ्चालन हुने आयोजना तथा कार्यक्रम बजेट

# परिच्छेद ९

# रणनीतिक कार्ययोजनाको कार्यान्वयन, अनुगमन, समिक्षा र संशोधन

## ९.१ रणनीतिक कार्ययोजनाको कार्यान्वयन

विपद् जोखिम न्यूनीकरण नीति तथा रणनीतिक कार्ययोजना कार्यान्वयनको लागि देहाय बमोजिमका उपायहरू अवलम्बन गरीनेछन् ।

क) कार्ययोजनाको योजनाबद्ध कार्यान्वयनका लागि गुरुयोजना, आवधिक तथा वार्षिक योजना तर्जुमा गरी लागु गरीनेछ । यस नीति तथा कार्ययोजनालाई मार्गदर्शनका रूपमा लिई विकासका नियमित कार्यक्रममा एकिकृत गरिनेछन् ।

ख) विषयगत क्षेत्र, सार्वजनिक निकायहरु, विकासका साझेदार तथा नीजि क्षेत्रको कार्यक्रम तर्जुमा एवं कार्यान्वयन गर्दा यस नीति तथा कार्ययोजनालाई मार्गदर्शनको रुपमा लिइनेछ ।

ग) विपद् जोखिम न्यूनीकरण सम्बन्धि आयोजना तथा कार्यक्रम निरन्तर कार्यान्वयनका लागि प्राथमिकताका आधारमा बहुबर्षीय कार्यक्रम र बजेटको तर्जुमा गरी श्रोत व्यवस्थापन गरीनेछ ।

घ) संघिय तथा प्रादेशिक सरकार, सरकारी एवं गैरसरकारी सरोकारवालाहरू, विकास साझेदारहरू, राजनीतिक दल तथा भातृ संगठनहरु तथा नीजि क्षेत्रहरुसँगको सहकार्य र समन्वयमा यस कार्ययोजनाको कार्यन्यवन गरिनेछ ।

ङ) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ मा व्यवस्था गरे बमोजिम आवश्यक संस्थागत संरचना निर्माण गरिनेछ ।

## ९.२ समन्वय, अनुगमन तथा मूल्याङकन

क) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसँग सम्बन्धित कार्यहरुको प्रभावकारी कार्यान्वयनको लागि जिल्ला तथा गाउँपालिका तहमा सरकारी, नीजि, गैर सरकारी संस्था, रेडक्रस, राजनीतिक दलहरु तथा सरोकारवालाहरु बीच समन्वय र सहकार्य गरिनेछ ।

ख) गाउँपालिका स्तरीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिले यस नीति तथा कार्ययोजनाको अनुगमन तथा मूल्याङ्कन वार्षिक तथा नियमित रुपमा गर्नेछ ।

ग) विपद् जोखिम न्यूनीकरण कार्यले पु¥याएको योगदानको अनुगमन गर्दा जोगिएको जनधनको विवरण, जोखिम न्यूनीकरण तथा नियन्त्रणका लागि निर्माण गरिएका भौतिक संरचनाहरुबाट पुग्न गएको सुविधा र प्रतिफल, प्रभावित समुदायको उत्थानशीलतामा आएको परिवर्तन आदिलाई ध्यान दिइनेछ ।

घ) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी सम्पुर्ण विवरण वार्षिक रुपमा अद्यावधिक गरी “गाउँपालिका विपद् प्रतिवेदन” प्रकाशन गरिनेछ ।

## ९.३ समिक्षा र पुनरावलोकन

विपद् जोखिम न्यूनीकरण नीति तथा रणनीतिक कार्ययोजनालाई आवश्यकता अनुसार वा हरेक पाँच वर्षमा पुनरावलोकन गरीनेछ । परिवर्तित अवस्था, सिकाई र आवश्यकता अनुसार रणनीतिक कार्य योजना अद्यावधिक गरीनेछ । रणनीतिक कार्य योजना अद्यावधिक गर्नको लागि सबै सम्बद्ध निकायहरू सहभागी हुनेछन् ।